# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

भाषा सामाजिक वस्तु हो । भाषाको प्रयोग समाजमा हुने, विचार आदान प्रदानका लागि यसको प्रयोग गर्ने, समाजका सदस्यले प्रयोग गरुन्जेल यो जीवित हुने र प्रयोग गर्न छाडेमा यो मृत हुने भएकाले यसलाई सामाजिक वस्तु भनिएको हो । भाषलाई मानवीय व्यवहार सम्पन्न गर्न प्रयोग गरिन्छ । यो मानवीय उच्चारक अङ्गद्वारा उच्चारित पनि हुन्छ । यो बोलेर व्यक्त हुने र यसले खास किसिमको वस्तु, घटना वा भावलाई जनाउने हुँदा वाक्प्रतीकका रूपमा यो परिचित  छ ।

यो विचार विनिमयको माध्यमका रूपमा पनि परिचित छ । एकका भाव वा विचार अरु समक्ष पुऱ्याउने प्रभावशाली र सशक्त माध्यम नै भाषा हो । सडक किनारका सङ्केत, हाउभाउ, विद्यालयको घन्टी आदिबाट पनि खास किसिमको सङ्केत अर्थ सम्प्रेषण त हुन्छ तर मानवीय वाक् नभएका कारण यस्ता अर्थद्योतक सङ्केतहरुलाई भाषा भन्न सकिन्न । भाषाका माध्यमबाट नै व्यक्तिको सामाजिकीकरणको प्रक्रिया सुरु हुन्छ । समाजका सम्पूर्ण मान्यता र विश्वासहरु भाषाकै माध्यमबाट हस्तान्तरित हुन्छन् । त्यसैले मानव जीवनमा भाषाको स्थान महत्त्वपूर्ण देखिन्छ ।

विचार अभिव्यक्त गर्ने विभिन्न माध्यममध्ये लेखाइ एक माध्यम हो । बोली दीर्घकालीन नहुने हुनाले बोलेर विचार विनिमय गर्न नसकिने अवस्थामा लेखनको उपयोग गरिन्छ । आफ्नो ज्ञान, सिप र धारणालाई भावी जीवनमा सञ्चित गरी राख्नका लागि पनि लेखाइ अनिवार्य बन्न सक्छ (अधिकारी, २०६५ : ११०) । सामाजिक समस्या समाधान गर्न पनि लेखाइ सिपको आवश्यकता रहन्छ । समाजका सदस्यहरुलाई उपयुक्त मार्ग देखाउन, अरुका गलत कुराको खण्डन गरी व्यापक रूपमा सार्वजनिक गर्न तथा आफ्ना विचारप्रति अरुलाई सहमत गराउन लेखाइ दक्षताको आवश्यकता पर्दछ । स्रोता वा सम्बोध्य व्यक्ति सामुमा नभएको स्थितिमा लेखाइको विशेष आवश्यकता रहन्छ । लेखाइ वैयक्तिक सन्तुष्टिको माध्यम बन्न सक्छ । विभिन्न गीत, सङ्गीत, साहित्य, कला आदिको लेखनबाट व्यक्ति आफ्ना

भावना तथा संवेगहरु व्यक्त गर्न सक्छ । व्यवसायिक कार्य सम्पन्न गर्न पनि लेखाइले ठुलो सहयोग पुऱ्याएको हुन्छ । लेखाइलाई शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग पनि मान्न सकिन्छ (अधिकारी, २०६५ : ११२) । शिक्षणका कममा महत्त्वपूर्ण कुरा टिपोट गरी शिक्षण गर्न र शिक्षण गरेका मुख्य मुख्य कुरा टिपोट गर्न लगाउन लेखाइ आवश्यक र उपयोगी बन्न जान्छ ।

भाषाको स्तरीय र मानक रूप लेख्यरूप हो । यसमा औपचारिक भाषाको प्रयोग गरिन्छ । कथ्यरूपमा हाउभाउ, अङ्ग सञ्चालन, मुखमुद्रा जस्ता भाषिकेतर पक्षहरुले पनि भाव वा विचार बोधगम्य बनाउन सहयोग पुऱ्याएका हुन्छन् तर लेख्यरूपमा यस प्रकारका भाषिकेतर तत्त्वहरु नपाइनाले लेखिएकै कुराबाट आशय स्पष्ट पार्नुपर्ने हुन्छ । अतः लेखनमा प्रयोग गरिने भाषा सरल, स्पष्ट, सुबोध र प्रभावकारी हुनु नितान्त आवश्यक छ ।

## १.२ समस्याकथन

यो अनुसन्धान निम्नलिखित समस्याहरुमा केन्द्रित रहेको छ :

क) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमता के कस्तो छ ?

ख सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमता कस्तो छ ?

ग) लैङ्गिक आधारमा छात्र र छात्राहरुको बुँदाटिपोट क्षमता कस्तो छ ?

घ) नेपाली मातृभाषी तथा नेपाली दोस्रोभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमता के कस्तो रहेको छ ?

ङ) समूहगत रूपमा उल्लिखित विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

च) उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरुमा बुँदाटिपोट क्षमतासम्बन्धी के-कस्ता कमजोरीहरु रहेका छन् ?

## १.३ शोधको उद्देश्य

यो शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिका दिशामा केन्द्रित रहेको छ :

क) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको स्थिति पत्ता लगाउनु,

ख) निम्न आधारमा बुँदा टिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु

अ) मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरु

आ) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरु,

इ) छात्र र छात्राहरु

ग) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुमा रहेका बुँदाटिपोट क्षमता सम्बन्धी कमजोरीहरु पहिल्याई न्यूनीकरणका लागि आवश्यक सुझावहरु प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि भाषा सिक्दै जानु भनेको त्यस भाषाको सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिप सम्बद्ध क्षेत्रमा अभ्यस्त बन्दै जानु हो । अथवा भनौं सिकारुमा बोध र अभिव्यक्ति क्षमताको विकास हुँदै जानु हो । बुँदाटिपोट भाषाका बोध र अभिव्यक्ति दुबै पक्षसँग सम्बद्ध छ । यसले एकातिर विद्यार्थीको बोध क्षमता विकासमा महत्त्वपूर्ण योगदान दिन्छ भने अर्कोतिर बुझेका कुरालाई चिन्ह, सङ्केत वा सङ्क्षिप्त कथनबाट व्यक्त गर्ने कलाको विकासमा समेत सहयोग पुऱ्याउँछ । यस कुरालाई मध्यनजर गरी विद्यालय तह र उच्च तहमा बोध शिक्षण अन्तरगत बुँदाटिपोटलाई समावेश गरिएको पाइन्छ । कक्षा नौको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा यसलाई उच्च दक्षतामा राखी महत्त्वको साथ उल्लेख गरिएको छ । साथै मूल्याङ्कन प्रक्रियामा यसलाई सङ्क्षेपीकरणसँग जोडिएको छ । अतः उक्त कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु औचित्यपूर्ण बन्ने देखिन्छ ।

यस प्रकारको अध्ययनको निष्कर्षले पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, शिक्षण प्रक्रिया र पद्धतिमा परिमार्जन गर्दै लैजान सहयोग पुग्न सक्छ । माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकका लागि समेत यस अध्ययनले पथ प्रदर्शकको काम गर्न सक्ने देखिन्छ । बोध अन्तरगतको बुँदाटिपोटमा थप अध्ययन गर्न चाहने भावी अध्येताका लागि समेत प्रस्तुत अध्ययनले मार्गदर्शन गर्न सक्ने भएकाले यो अध्ययन औचित्यपूर्ण बन्ने देखिन्छ ।

## १.५ अध्यनको परिसीमा

कुनै पनि अनुसन्धानको क्षेत्र व्यापक, विस्तृत र असीमित हुने भएकाले शोधमा शोधशीर्षक अन्तरगत कुन कुन पक्षको अध्ययन गर्ने हो सो कुराको किटान गर्नुपर्दछ । शोधको क्षेत्र र सीमा किटान नगरेमा शोध गन्तव्यहीन यात्रा जस्तो हुने भएकाले प्रस्तुत शोधकार्यलाई व्यवस्थित बनाउनको लागि उद्देश्यतर्फ केन्द्रित बनाउन निम्न अनुसार सीमाङ्कन गरिएको छ :

क) झापा जिल्लाको अनारमनी स्रोतकेन्द्र अन्तरगत पर्ने विर्तामोड नगरपालिका, गोलधाप गा. वि. स. र गरामनी गा.वि.स. मा माध्यमिक तथा उच्च माध्यमिक तह सञ्चालन गर्ने विद्यालयहरुमध्ये ३ वटा सामुदायिक मा.वि. ⁄ उच्च मा.वि. तथा ३ वटा संस्थागत मा.वि. ⁄ उच्च मा.वि. हरुका कक्षा नौका विद्यार्थीहरुमा मात्र यो अध्ययन सीमित गरिएको छ ।

ख) यो अध्ययन कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमतासँग मात्र सीमित रहेको छ ।

ग) यो अध्ययन नमुना छनोटमा परेका विद्यालयका कक्षा नौमा अध्ययन गर्ने ७२ जना प्रतिनिधि विद्यार्थीहरुमा सीमित रहेको छ ।

घ) यस अध्ययनको निष्कर्ष निर्धारित नमुना जनसङ्ख्याबाट प्राप्त तथ्यका आधारमा गरिने गुणात्मक विश्लेषणमा मात्र सीमित रहेको छ ।

## १.६ अध्यनको रुपरेखा

प्रस्तुत अध्ययनलाई नियोजित, सुस्पष्ट र सरल बनाउनका लागि पाँचवटा विभिन्न अध्यायहरुमा विभाजन गरी उक्त अध्यायहरुमा निम्न बमोजिमका विषयवस्तुलाई सङ्गठित गरी प्रस्तुत गरिएको छ :

अध्याय एक : परिचय - अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, अध्ययनको औचित्य, अध्यनको परिसीमा, अध्यनको रुपरेखा

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा - सम्बन्धित पूर्वकार्यको समीक्षा, सैद्धान्तिक अवधारणा, पूर्वकार्यको उपयोगिता

अध्याय तिन : अनुसन्धान विधि -अनुसन्धान ढाँचा, जनसङ्ख्या तथा नमुना, नमुना छनोट विधि, तथ्याङ्कका स्रोतहरु, अनुसन्धानका साधनहरु, तथ्याङ्क सङ्कलन प्रकिया, तथ्याङ्क विश्लेषण प्रकिया

अध्याय चार : तथ्याङ्कको व्याख्या विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

# अध्याय दुई
# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अनुसन्धान भनेको नवीन तथ्य, ज्ञान र सिद्धान्तको खोजी हो । त्यसैले आफूले छनोट गरेको क्षेत्र र समस्याको बारेमा कसैले अध्ययन गरे नगरेको निश्चत गर्न सबन्धित पूर्वकार्यको समीक्षा गर्न आवश्यक हुन्छ । त्यसले हालसम्म भएका समस्या र समाधानका लागि भएका विकल्पहरुको खोजीका बारेमा यथार्थ जानकारी प्रदान गर्ने भएकाले शोधकर्तालाई समस्या समाधान गर्न र खोजी गर्न बाँकी रहेका विषयमा अध्ययन गर्न अवसर प्राप्त हुन्छ । त्यसैले शोधकर्ताका लागि पूर्वकार्यको समीक्षा गर्न नितान्त जरुरी हुन्छ ।

## २.१ पूर्वकार्यको समीक्षा

शर्मा (२०५३) द्वारा लिखित 'शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व र अभिव्यक्ति' नामक पुस्तकमा बुँदाटिपोटको सामान्य सैद्धान्तिक जानकारी दिनुका साथै बुँदाटिपोट गर्ने विधि र प्रक्रिया प्रस्तुत गरिएको छ । यसमा बुँदाटिपोटका केही नमुना पनि दिइएको छ । बुँदाटिपोट शिक्षणका लागि उपयोगी हुने विधि एवम् प्रक्रियाको सुझ विकास गराई त्यस अनुसार बुँदाटिपोट क्षमतामा दक्ष बनाउन सहयोग पुऱ्याउने यस पुस्तकको निर्दिष्ट खण्डको मुख्य अपेक्षा देखिन्छ ।

लामिछाने (२०५३) द्वारा लिखित 'अनिवार्य नेपाली' नामक पुस्तकमा पनि बुँदाटिपोटको सामान्य सैद्धान्तिक परिचय दिई बुँदाटिपोट गर्ने विधि, प्रक्रिया र बुँदाटिपोटका नमुनाहरु दिइएको छ । यस पुस्तकले बुँदाटिपोट कसरी गर्ने गराउने भन्ने कुराको जानकारी दिएको छ । बुँदाटिपोटको सिप विकासमा सहयोग पुऱ्याउनु यसको मुख्य अपेक्षा देखिन्छ ।

पोखेल र अन्य (२०६४) द्वारा लिखित 'अनिवार्य नेपाली' नामक पुस्तकको बोध शब्दभण्डार तथा बुँदाटिपोट र सङ्क्षेपीकरण शीर्षकमा पनि बुँदाटिपोटको परिचय, बुँदाटिपोट सम्बन्धी धारणा, बुँदाटिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरु, बुँदाटिपोटको विधि, बुँदाटिपोटका केही नमुना प्रस्तुत गरिएको छ । यस पुस्तकमा पनि

बुँदाटिपोटको सैद्धान्तिक जानकारी दिई बुँदाटिपोट गर्ने तरिका खुलाइएको छ । नमुना अनुसार अभ्यासहरु गराउन प्रोत्साहित गर्नु यस शीर्षकको मुख्य अपेक्षा देखिन्छ ।

अधिकारी (२०६५) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' नामक पुस्तकको श्रवण तथा श्रुतिबोध शिक्षण र लेखन तथा लिखित अभिव्यक्ति शिक्षण शीर्षकमा बुँदाटिपोटलाई सुनाइ र लेखाइको शिक्षणको कार्यकलापका रूपमा लिइएको छ । सुनाइ र लेखाइ सिप विकास गराउन यस प्रकारको कार्यकलापले सहयोग पुऱ्याउने कुरा उल्लेख गर्दै प्रस्तुत पुस्तकमा बुँदाटिपोट शिक्षणको तरिका समेत उल्लेख गरिएको छ । विद्यार्थीहरुको भाषिक क्षमता विकासका लागि यस्तो कार्यकलाप उपयोगी हुने निष्कर्ष यहाँ फेला पार्न सकिन्छ ।

पाठ्यक्रम विकास केन्द्र (२०६६) का तर्फबाट अनिवार्य नेपाली विषय स्थायी समितिद्वारा तयार पारिएको अनिवार्य नेपाली शिक्षण निर्देशिका नामको पुस्तकमा मौखिक वा लिखित अभिव्यक्तिको बोधात्मक एकाइ (बुझाइको प्रत्येक अंश) लाई बुँदा मानी यसको टिपोटलाई बुँदाटिपोट भनिएको छ । यसमा बुँदाटिपोटको सामान्य जानकारी दिनुका साथै बुँदाटिपोटको प्रयोजन, बुँदाटिपोट शिक्षण प्रक्रिया र यस सम्बन्धी उदाहरणहरु प्रस्तुत गरिएको छ । शिक्षकहरुमा बुँदाटिपोट शिक्षण गर्न आवश्यक पर्ने ज्ञान र सिपको विकास गराउनु यस पुस्तकको मुख्य उद्देश्य देखिन्छ ।

ढकाल (२०६६) द्वारा लिखित 'नेपाली भाषा शिक्षण परिचय र प्रयोग' पुस्तकको लिखित अभिव्यक्ति (लेखाइ) शिक्षण शीर्षकमा बुँदाटिपोटको चर्चा गरिएको छ । यहाँ बुँदाटिपोटलाई लेखाइ शिक्षणको कार्यकलाप मानी बुँदाटिपोटको परिभाषा, आवश्यकता र बुँदाटिपोट गर्ने तरिका प्रस्तुत गरिएको छ । बुँदाटिपोट कार्यकलाप गराउने तरिकाको जानकारी दिनु यस अंशको प्रमुख अपेक्षा मान्न सकिन्छ ।

शर्मा र पौड्याल (२०६७) द्वारा लिखित 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तकको श्रवणकला शिक्षण, पठनबोध र लेखाइ शिक्षण शीर्षकमा बुँदाटिपोटको चर्चा गरिएको छ । यहाँ बुँदाटिपोटलाई सुनाइ र लेखाइ शिक्षणको महत्त्वपूर्ण कार्यकलाप मानी शिक्षणको तरिका समेत प्रस्तुत गरिएको छ । बुँदाटिपोटबाट विद्यार्थीहरुमा सुनाइ र लेखाइ सिप विकास गराउन सकिने निष्कर्ष यहाँ फेला पार्न सकिन्छ ।

भण्डारी र अन्य (२०६८) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा पठनबोध र लेखाइ शिक्षणका लागि बुँदाटिपोट एउटा महत्त्वपूर्ण कार्यकलाप मानिएको छ । यसमा बुँदाटिपोट गराउने सुझ विकास गरी विद्यार्थीहरुको भाषिक सिप विकास गर्न सहयोग पुऱ्याउनु यस पुस्तकको सम्बद्ध अंशको मुख्य उद्देश्य देखिन्छ ।

न्यौपाने र अन्य (२०६९) द्वारा लिखित 'स्नातक स्तरीय नेपाली बोध र अभिव्यक्ति' नामक पुस्तकमा पनि बुँदाटिपोट सम्बन्धमा चर्चा गरिएको छ । यहाँ बुँदाटिपोटको परिचय, बुँदाटिपोट गर्ने तरिका/ध्यान दिनुपर्ने कुराहरु तथा नमुना अभ्यासहरु प्रस्तुत गरिएको छ । बुँदाटिपोट गराउने तरिकको जानकारी दिनु तथा बुँदाटिपोटको सिप विकासमा सहयोग पुऱ्याउनु यसको मुख्य अपेक्षा देखिन्छ ।

सुवेदी (२०६८) द्वारा प्रस्तुत 'कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकको शोधपत्रमा उच्च माध्यमिक तहको कक्षा एघारमा अध्ययन गर्ने विद्यार्थीहरुको बुँदाटिपोट सम्बन्धी अध्ययन, अनुसन्धान र विश्लेषण गरिएको छ । त्यसमा सामुदायिक उच्च मा.वि.मा अध्ययनरत विद्यार्थीहरुको तुलनामा संस्थागत उच्च मा.वि. मा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमता सबल भएको, छात्राको भन्दा छात्रको बुँदाटिपोट क्षमता राम्रो रहेको र नेपाली दोस्रोभाषी विद्यार्थीहरुभन्दा नेपाली मातृभाषी विद्यार्थीहरु बुँदाटिपोट क्षमतामा अगाडि रहेको निष्कर्ष निकालिएको छ ।

अधिकारी (२०७०) द्वारा प्रस्तुत 'कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकको शोधपत्रमा माध्यमिक तहको कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीहरुको बुँदाटिपोट सम्बन्धी अध्ययन, अनुसन्धान र विश्लेषण गरिएको छ । सङ्खुवासभा जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरुमा आधारित भई गरिएको उक्त शोधले कक्षा दशका विद्यार्थीहरुको बुँदाटिपोट क्षमता मध्यम स्तरको रहेको, सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको, छात्रकोभन्दा छात्राको बुँदाटिपोट क्षमता राम्रो रहेको, दोस्रोभाषी विद्यार्थीको तुलनामा मातृभाषी विद्यार्थीको बुँदाटिपोट क्षमता उच्च रहेको निष्कर्ष निकालेको छ ।

## २.२ पूर्वकार्यको महत्त्व

यस अनुसन्धानको लागि माथि उल्लेख गरिएका अनुसन्धान तथा कृतिहरुले विद्यालय तहका बालबालिकाहरुको बुँदाटिपोट क्षमता तथा सिकाइमा प्रभाव पार्ने तत्त्वहरुको बारेमा सामान्य जानकारी उपलब्ध गराएको छ । यसको अधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययनमा सहयोग पुऱ्याएको देखिन्छ । यस अनुसन्धानले माध्यमिक विद्यालय तहको कक्षा नौमा अध्ययनरत विविध वर्ग, समुदाय र लिङ्गका विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन मार्फत उनीहरुको स्तर सुधारका उपायहरु खोजी गरी अवलम्बन गर्न सहयोग पुऱ्याएको छ ।

## २.३ सैद्धान्तिक अवधारणा

लेखाइ सिपको विकासका लागि विभिन्न कार्यकलापहरु सञ्चालन गर्न सकिन्छ । तीमध्येको एउटा बुँदाटिपोट पनि हो । हुन त बुँदाटिपोट सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सबैजसो भाषिक सिप विकासमा उपयोगी हुन्छ तथापि मूलतः बुँदाटिपोट लेखेर प्रस्तुत गरिने भएकाले लेखाइ सिप विकाससँग यसको विशेष सम्बन्ध देखिन्छ । सोचे सम्झेका, सुनेका कुराहरुमा रहेका मुख्य मुख्य कुरा टिपोट गर्ने कामलाई नै बुँदाटिपोट भनिन्छ । भाषा सिकाइका क्रममा बुँदाटिपोट, सङ्क्षेपीकरण, निबन्धलेखन, प्रतिवेदनलेखन जस्ता लेखाइ सिप विकासका लागि गराउने कार्यकलापको पूर्व आभ्यासिक कार्यकलाप पनि मान्न सकिन्छ ।

बुँदाटिपोटको धारणालाई स्पष्ट पार्न विभिन्न विद्वानहरुले विभिन्न किसिमका परिभाषाहरु प्रस्तुत गरेका छन् । नेपाली बृहत शब्दकोशका अनुसार पठित पाठ, व्याख्या, वक्तव्य आदिसँग सम्बन्धित मुख्य मुख्य कुराको टिपोटलाई बुँदाटिपोट भनिन्छ (ढकाल, २०६२:२५५) । बुँदाटिपोट लिखित वा मौखिक पाठका महत्त्वपूर्ण विषयहरुलाई टिप्ने र स्मरणमा राख्ने प्रक्रिया हो (पोखेल र अन्य २०६४ :२३६) । मौखिक वा लिखित (सोचिएको समेत) अभिव्यक्तिको बोधात्मक एकाइ (बुझाइको प्रत्येक अंश) बुँदा हो । त्यही बोधात्मक एकाइको टिपोटलाई बुँदाटिपोट भनिन्छ (अधिकारी र अन्य, २०६६ : ८६) । पाठमा रहेको सारपूर्ण बुँदाहरुको टिपोट गर्नु नै बुँदाटिपोट हो (बराल र अन्य, २०६४: १५६) । निष्कर्षमा के भन्न सकिन्छ भने

बुँदाटिपोट भनेको सोचे सम्झेका, सुनेका वा पढेका कुराहरुको मुख्य मुख्य टिपोट गर्ने काम हो ।

बुँदाटिपोट मानवीय भाषिक व्यवहार सम्पन्न गर्न आवश्यक र उपयोगी भाषिक कला हो । शिक्षक, विद्याथीहरुका लागि मात्र नभइ वकिल, पत्रकार तथा व्यवसायकर्मीहरुका लागि बुँदाटिपोटको सिप आवश्यक छ । आजको व्यस्त जीवनमा आफूलाई गतिशील तुल्याउन सबै कामहरु छिटो छरितो रूपले सम्पन्न गर्नुपर्छ । यस्तो प्रक्रिया व्यवहारिक जीवनको लिखित वा मौखिक भाषिक अभिव्यक्तिका सन्दर्भमा पनि लागू हुन्छ (भण्डारी, २०६६ : १५) । अनेक स्रोतबाट प्रत्येक दिन प्राप्त गरेको ज्ञान आवश्यक समयमा सम्झन सहयोग पऱ्याउनु बुँदाटिपोटको मुख्य प्रयोजन हो (अधिकारी, २०६६ : ८७) । छोटो समयमा सुने पढेका समग्र कुराहरु लेखिराख्न असम्भव भएका बखत बुँदाटिपोटका माध्यमबाट तिनलाई टिपी सञ्चित गर्न सकिन्छ । मितव्ययी सङ्क्षिप्त प्रस्तुति दिने सिप वा कौशल अभिवृद्धि गर्नु यसको थप प्रयोजन मानिन्छ ।

बुँदाटिपोटका विशेष प्रयोग क्षेत्रहरुमा शिक्षा, सञ्चार, प्रशासन कानुन आदि छन् । यस्ता क्षेत्रमा काम गर्दा वक्ता, श्रोता वा पाठक सेवाग्राही पदाधिकारी आदिको अभिरुचि र बेफुर्सदीलाई ध्यानमा राखी सम्बद्ध विषयका मुख्य मुख्य कुराहरुमा केन्द्रित रही बुँदाहरु टिपोट गर्नु आवश्यक ठानिन्छ । उल्लिखित विषय क्षेत्रमा प्रयोग हुने भाषामा बुँदाटिपोट सिप विकास गराउनु यसको मुख्य प्रयोजन मान्न सकिन्छ ।

बुँदाटिपोट एक विशिष्ट भाषिक सिप हो । भाषामा व्यक्त विचार पहिल्याउन यसले सहयोग पुऱ्याउँछ । अनावश्यक र दोहोरिएका, कथ्य, लेख्य कथनहरुलाई छोडी भन्न खोजिएको सम्पूर्ण कुराहरुलाई सम्प्रेषण हुनसक्ने किसिमका पदावली तथा अपूरा वाक्यको सहायतामा बुँदाटिपोट गरिने भएकाले टिपिएका बुँदाले मूल अभिप्रायलाई जनाउन सक्छ भने महत्वपूर्ण विषयवस्तुलाई स्मरण गर्न सजिलो हुने मात्र होइन आफूलाई आवश्यक परेका बेलामा त्यसलाई विस्तृत रूपमा व्याख्या विश्लेषण गर्न पनि सकिन्छ । लिखित वा मौखिक सामग्रीहरुलाई बुँदाटिपोटका आधारमा टिपोट गरिराख्नाले उपयुक्त समयमा त्यसलाई प्रयोगमा ल्याउन पनि सकिन्छ (लामिछाने, २०५३:१७२) ।

लामा, लेख, रचना तथा भाषणलाई बुँदाटिपोटका माध्यमबाट सङ्क्षेपमा प्रस्तुत गर्न सकिन्छ । सङ्क्षेपीकरण र विस्तृतीकरणका लागि बुँदाटिपोटले आधारको काम गर्छ । वक्ताले आफ्नो वक्तव्यमा उल्लेख गर्नुपर्ने कुरा नछुटुन् भनेर बुँदाटिपोट उपयोग गर्न सक्छन् । कक्षामा विद्यार्थीले शिक्षकको व्याख्यालाई बुँदागत रूपमा टिपोट गरी पुनर्लेखन गरेर अपेक्षाकृत फाइदा लिन सक्छन् (ढकाल,२०६६ :२८९) । सुनेका पढेका कुरा उपर टीका टिप्पणी गर्न र कथा, निबन्ध तथा प्रतिवेदन लेखन जस्ता संरचनात्मक कुरालाई पूर्ण र उपयुक्त बनाउन सोचेर तयार गरेका कुराले मद्धत पुऱ्याउँछ । यसले कृति वा रचनाको मूलभूत वा सारपूर्ण कुरा पहिचान गर्ने र पकने सिप र दक्षताको पनि विकास गर्छ (शर्मा, २०५२ : १८१) ।

भाषिक सिप विकासका लागि बुँदाटिपोटको महत्त्वपूर्ण स्थान रहन्छ । बुँदाटिपोटले सोचेका, सम्झेका, पढेका तथा सुनेका कुराहरुबाट मुख्य भाव आशय समेट्ने गरी बुँदाको टिपोट गर्ने क्षमताको विकास गर्ने, स्मरण क्षमता वृद्धि गर्ने, मुख्य मुख्य कुरा छुट्याउने जस्ता सिपको विकास गर्ने भएकाले यसको महत्त्व भाषिक सिप विकासमा बढी नै रहेको हुन्छ ।

सङ्क्षेपीकरण पनि बुँदाटिपोट जस्तै मूल पाठको सङ्क्षिप्त रूप हो । यी दुबैले पठनबोध विकासमा सहयोग पुऱ्याउँछन् । अथवा भनौं विविध भाषिक सिप विकासमा यी दुबैलाई कार्यकलापका रूपमा उपयोग गर्न सकिन्छ । बोध एकाइको ठम्याइ दुबैका लागि अपरिहार्य रहन्छ । त्यसैले यी एक अर्कासँग सम्बन्धित देखिन्छन् ।

यी दुबै बिच खास किसिमको अन्तर पनि छ । सङ्क्षेपीकरण अनुच्छेदमा प्रस्तुत गरिन्छ । यो मूल पाठको एक तृतीयांश रूप हो । मुख्य वा महत्त्वपूर्ण कुरालाई नछोडी समास शैलीमा यसको प्रस्तुतीकरण हुन्छ । थोरै शब्दमा धेरै कुरा अटाएर व्यक्त गर्ने मितव्ययी अभिव्यक्तिको कौशल बढाउनु र बौद्धिक क्षेत्रमा काम गर्न आवश्यक हुने खँदिलो एवम् सारगर्भित सङ्क्षिप्त लेखनको सिप प्रयोग गर्न सक्षम बनाउनु सङ्क्षेपीकरणको मुख्य प्रयोजन हो (अधिकारी र अन्य, २०६६ : ८७) । यस प्रयोजनलाई परिपूर्ति गर्न सङ्क्षेपीकरणलाई बुँदामा प्रस्तुत नगरी अनुच्छेदमा लेखिन्छ ।

यस्तो लिखित रूप मूल पाठको मूलभाव वा विचारसँग सम्बद्ध हुन्छ । अलङ्कार, उदाहरण, दोहोरिएको कथन र मूल भाव असम्बद्ध कथनलाई छोडी मुख्य

र महत्त्वपूर्ण कुरालाई व्यक्त गरी सङ्क्षेपीकरण तयार गरिन्छ । यसलाई बुँदाटिपोट पछि सम्पन्न गर्न उपयुक्त हुने कार्यलाई पनि भनिन्छ ।

बुँदाटिपोट पनि सङ्क्षेपीकरण झैं सङ्क्षिप्त र मितव्ययी भाषिक रूप नै हो । यो पनि मूलपाठको मूल भावसँगै सम्बद्ध हुन्छ तथापि यसलाई अनुच्छेद अनुच्छेदमा प्रस्तुत नगरी बुँदामा प्रस्तुत गरिन्छ । पद, पदावली तथा असमापिका क्रियायुक्त अपूर्ण वाक्यमा बुँदाटिपोटलाई प्रस्तुत गरिन्छ । त्यसैले यो सङ्क्षेपीकरण भन्दा भिन्न शैलीमा प्रस्तुत हुन्छ । अध्ययनशील पाठकहरु यस सिपलाई प्रयोग गरी गहनभन्दा गहन विषयवस्तुलाई पनि स्मरणमा राख्न सफल हुन्छन् (पोखरेल र अन्य, २०६४ : २३६) । यसलाई लिखित वा मौखिक पाठका महत्त्वपूर्ण विचारहरुलाई टिप्ने र स्मरणमा राख्ने प्रक्रिया मान्न सकिन्छ ।

बुँदाटिपोट र सङ्क्षेपीकरण दुबै मूल पाठका सङ्क्षिप्त र मितव्ययी भाषिक रूप हुन् । सङ्क्षेपीकरण अनुच्छेदमा प्रस्तुत गरिन्छ भने बुँदाटिपोट बुँदाहरुमा प्रस्तुत गरिन्छ । यी दुबैले गहन विषयवस्तुलाई स्मरणमा राख्न सहयोग गर्दछन् ।

बुँदाटिपोट बौद्धिक कार्य हो । दिइएको पाठमा विचारलाई राम्ररी नबुझी बुँदाटिपोट गर्न सकिंदैन । पाठमा भएका सारभूत अर्थलाई बोध गरी त्यसलाई समेटर बुँदाटिपोट गर्नुपर्ने हुन्छ । पाठका ठाउँठाउँका वाक्यहरु सारेर बुँदाटिपोट कार्य सम्पन्न हुन सक्दैन । यसका लागि बोध एकाइको ठम्याइ अत्यावशक हुन्छ । बुँदाटिपोका लागि निम्नलिखित कुरा ध्यान पुऱ्याउनु आवश्यक छ :

१. दिइएको निर्देशनलाई ख्याल गरी टिप्नुपर्ने बुँदाको सङ्ख्या यकिन गर्नुपर्छ ।
२. दिइएको पाठ ध्यानपूर्वक पढ्नु पर्छ र टिप्नुपर्ने मुख्य कुरा ठम्याएर तिनको सङ्ख्या गणना गर्नुपर्छ ।
३. टिपिने बुँदालाई सुरुमा खेस्रा र पछि साफी गनुपर्छ । बुँदाटिपोटमा अभ्यस्त भएपछि खेस्रा अनिवार्य नहुन सक्छ ।
४. पाठको सिलसिला अनुसार बुँदाको क्रमबद्धतालाई ख्याल गर्नुपर्छ ।
५. बुँदाटिपोट सिङ्गो वाक्यमा प्रस्तुत नगरिने भएकाले सो अनुसार पद, पदावली तथा असमापिका क्रियायुक्त अपूर्ण वाक्यमा बुँदाटिपोट प्रस्तुत भए नभएको ख्याल गर्नुपर्छ ।
६. बुँदाटिपोट अस्पष्ट अर्थ दिने गरी वा दोहोरो अर्थ लाग्ने गरी प्रस्तुत गर्नु हुँदैन ।

७. बुँदाटिपोट पाठको आदि, मध्य र अन्त्य सबै भागलाई समेटी प्रस्तुत गर्नु पर्छ।
८. तोकिएको सङ्ख्याभन्दा बढी बुँदा हुने भएमा पाठको सारभूत अर्थलाई ख्याल गरी बढी बुँदालाई संयोजन गर्नुपर्छ।
९. भाषिक शुद्धता तथा व्याकरणिक पक्ष उपयुक्त भए नभएको ख्याल गर्नुपर्छ।
१०. बुँदामा व्यक्त आशयसँग मिल्दो शीर्षक दिनुपर्छ।

कुनै पनि कार्यलाई सजिलो गरी सफल रूपमा सम्पन्न गर्न उपयुक्त विधि र प्रक्रियालाई अवलम्बन गर्नुपर्छ। बुँदाटिपोटलाई सम्पन्न गर्न खास विधि र पक्रियाहरु अवलम्बन गर्नुपर्ने हुन्छ। बुँदाटिपोट भाषाको बोध र अभिव्यक्ति दुबै पक्षसँग सम्बद्ध भएकाले उक्त दुबै कुरालाई समेटी बुँदाटिपोट गर्नुपर्छ। खास पाठबाट बुँदाटिपोट गर्न निम्न विधि र प्रक्रियाहरुको अवलम्बन गर्न सकिन्छ।

१. दिइएको पाठलाई राम्ररी पढ्ने। पाठमा व्यक्त भएको अभिप्राय नबुझुन्जेल फेरि दोहोऱ्याएर पढ्ने र पाठको बोध गर्ने।
२. पाठमा व्यक्त भएका बोध एकाइहरु (प्रत्येक महत्त्वपूर्ण सूचनायुक्त लघुत्तम अङ्श) ठम्याउने।
३. ठम्याइएको एकाइहरुलाई रेखाङ्कन गर्ने।
४. रेखाङ्कित एकाइहरुलाई सारी तयार गर्ने। खेस्रा तयार गर्दा सिङ्गा वाक्यहरु नलेखी पद, पद समूह, सङ्केत आदिको उपयोग गर्ने।
५. मूलपाठ र खेस्रा भिडाई मुख्य कुरा छुटे नछुटेको हेर्ने।
६. आवश्यक संशोधन परिष्कार, परिमार्जन गरी खेस्रालाई सङ्गठित गर्ने।
७. बुँदा सङ्ख्या तोकिएको भए तोकिएकै सङ्ख्यामा बुँदाहरुलाई वितरण गर्ने।
८. शुद्ध, सरल र स्पष्ट भाषाको प्रयोग गरी बुँदाको साफी रूप तयार गर्ने।
९. बुँदालाई समेट्ने गरी उपयुक्त शीर्षक दिने।

उल्लिखित विधि र प्रक्रियाहरुको अवलम्बन गरिएमा बुँदाटिपोट सहज र सुगम हुने देखिन्छ।

# अध्याय तिन
# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

समस्याको अनुसन्धान गर्न निश्चित विधिको आवश्यकता पर्दछ । अनुसन्धान ढाँचाले अध्ययनका लागि उपयुक्त ढाँचा प्रदान गर्दछ जसको आधारमा अनुसन्धानको लागि निश्चित खाका तयार हुन्छ । प्रस्तुत अनुसन्धानका लागि गुणात्मक र सङ्ख्यात्मक ढाँचाको कार्यविधि अपनाइएको छ । अध्ययनको क्रममा वर्णनात्मक, व्याख्यात्मक प्रक्रिया अपनाई गुणात्मक ढाँचाबाट विश्लेषणात्मक विधि प्रयोग गरी अनुसन्धान गरिएको छ ।

## ३.२ जनसङ्ख्या तथा नमुना

### ३.२.१ जनसङ्ख्या

प्रस्तुत अध्ययनका लागि झापा जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा नौमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई पूर्ण जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.२.२ नमुना

प्रस्तुत अध्ययनलाई सम्पन्न गर्नका लागि झापा जिल्लाको अनारमनी स्रोतकेन्द्रमा पर्ने ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयमा कक्षा नौमा अध्ययनरत प्रत्येक विद्यालयबाट १२ जनाका दरले जम्मा ७२ जना विद्यार्थीहरुलाई नमुनाको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनोट विधि

प्रस्तुत अध्ययनका लागि झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रमध्ये अनारमनी स्रोतकेन्द्रलाई उद्देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको छ । अनारमनी स्रोतकेन्द्रभित्र सञ्चालित सामुदायिक एवम् संस्थागत विद्यालयहरुमध्ये ३ वटा

सामुदायिक र ३ वटा संस्थागत विद्यालयहरु एवम् प्रत्येक विद्यालयबाट १२ जना कक्षा नौमा अध्ययनरत विद्यार्थीहरु सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

अध्ययनको मुख्य एवम् जटिल पक्षको रूपमा तथ्याङ्क सङ्कलन कार्यलाई लिइन्छ । अध्ययनलाई विश्वसनीय तथा उद्देश्यमूलक बनाउने कार्यमा तथ्यमा आधारित तथ्याङ्कले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उक्त कुरालाई मनन गरी यस अध्ययनको क्रममा प्राथमिक र द्वितीयक स्रोतका तथ्याङ्कको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययनको लागि प्राथमिक स्रोतका तथ्याङ्क सङ्कलन गर्न विद्यार्थीहरुसँग छलफल, व्यक्तिगत कुराकानी, प्रश्नावली, अवलोकन, प्रयोगात्मक परीक्षण जस्ता साधनहरुको सहयोग लिइएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

अध्ययनका लागि द्वितीय स्रोतको रूपमा विभिन्न लेख रचना एवम् पुस्तकहरुको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ अनुसन्धानका साधनहरु

### क. अभिलेख अध्ययन

यस अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न अनुसन्धान साधनका रूपमा अभिलेख अध्ययनलाई लिइएको छ । बुँदाटिपोट सम्बन्धमा उपलब्ध हुने लेख, रचना, शोध वा अन्य कृतिहरुको समेत अध्ययन गरी अनुसन्धानलाई अगाडि बढाइएको छ ।

### ख. प्रश्नावली

विद्यार्थीहरुलाई खुल्ला तथा बन्द प्रश्नावली भर्न लगाई त्यसबाट बुँदाटिपोट सम्बन्धमा विद्यार्थीको धारणा बुझ्न आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

**ग. प्रयोगात्मक अभ्यास**

नमुना छनोटमा परेका विद्यार्थीहरुलाई कुनै खास अनुच्छेद दिएर त्यसबाट बुँदाटिपोट गर्न लगाई संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीको, मातृभाषी र दोस्रोभाषी विद्यार्थीको, छात्र र छात्राको बुँदाटिपोट क्षमता सम्बन्धी विश्लेषण गरिएको छ ।

**घ. प्रत्यक्ष अवलोकन**

शोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा नमुना विद्यालयहरुमा गई विद्यार्थीहरुको बुँदाटिपोट क्षमता सम्बन्धमा अवलोकन गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रकिया

अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा अध्ययन क्षेत्रमा शोधकर्ता स्वयम् उपस्थित भई प्रत्यक्ष सम्पर्क र भेटघाट गरिएको छ । अध्ययनको विषयवस्तु र औचित्य बारेमा स्पष्ट पारी आफ्नो धारणा र आफूले प्राप्त गरेको जानकारी प्रदान गरिदिन सम्बन्धित विषय शिक्षक, विज्ञ आदिसँग आग्रह गरी विचार सङ्कलन गरिएको छ । नमुना जनसङ्ख्यालाई आवश्यक प्रश्नावली भर्न लगाई तथा प्रयोगात्मक अभ्यासमा सङ्लग्न हुन लगाई तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रकिया

प्राप्त गरिएका तथ्याङ्कलाई तालिकीकरण गरी गुणात्मक र परिमाणात्मक तरिकाले व्याख्या विश्लेषण गरिएको छ । विद्यार्थीहरुको क्षमता सम्बन्धी परिमाणात्मक तथ्याङ्क विश्लेषण गर्न सङ्ख्यात्मक अनुसन्धान ढाँचा अपनाइएको छ । बुँदाटिपोट सम्बन्धी धारणाका गुणात्मक तथ्याङ्क विश्लेषण गर्न वर्णनात्मक र व्याख्यात्मक प्रकिया अपनाइएको छ । तसर्थ गुणात्मक अनुसन्धान ढाँचा पनि अनुसन्धानको लागि प्रयोग गरिएको छ ।

# अध्याय चार

# तथ्याङ्कको व्याख्या विश्लेषण

प्रस्तुत अध्ययनको प्रमुख विषय कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमता पहिल्याउनु हो । यस अपेक्षालाई परिपूर्ति गर्न तोकिएको अध्ययन विधि अनुसार झापा जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरुको माध्यमिक तह कक्षा नौमा अध्ययन गर्ने ७२ जाना विद्यार्थीहरुबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीहरुको अध्ययन, अवलोकन, तुलना व्यतिरेक आदिका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । तथ्यहरुको व्याख्या विश्लेषणका लागि बुँदाटिपोटका आधारभूत पक्षहरु शीर्षक, बोध एकाइको ठम्याइ, पाठमा व्यक्त विचार अनुसार बुँदाको कमबद्ध प्रस्तुति, बुँदाटिपोटका लागि अपेक्षा गरिने प्रस्तुतीकरणको शैली तथा भाषिक शुद्धता जस्ता कुराहरुलाई आधार मानी व्याख्या विश्लेषण गरिएको छ । मूलतः तुलनात्मक पद्धतिको प्रयोग गरी सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा नौमा अध्ययन गर्ने समग्र विद्यार्थी छात्र छात्रा तथा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको विश्लेषण तथा तुलनात्मक अध्ययन यस शोधकार्यमा गरिएको छ । यस शोधकार्यमा विश्लेषणका लागि अवलम्बन गरिएका विधि अनुसारको विस्तृत विश्लेषित स्वरूप निम्नानुसार प्रस्तुत गरिन्छ :

## ४.१ समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

झापा जिल्लाभित्रका नमुना छनोटमा परेका विद्यालयमा कक्षा नौमा अध्ययन गर्ने छनोटमा परेका ७२ जना विद्यार्थीहरुको बुँदाटिपोटको उत्तरका आधारमा समग्र विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको स्थिति निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १ : बोध एकाइको ठम्याइ

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | माध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ७२ | ३६ | ५० | १२ | १६.६७ | १३ | १८.०५ | ११ | १५.२८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

उल्लेखित तालिकको अध्ययन गर्दा ५०% अर्थात् ३६ जना विद्यार्थीले पाठमा भएका बोध एकाइलाई सही रूपमा पहिचान गर्न सकेका छन् । १२ जना विद्यार्थीहरुले केही बोध एकाइ चयन गर्न सकेका छन् भने केही बोध एकाइ नभएका अंशलाई टिपोट गरेका छन् । १३ जना विद्यार्थीहरु सो भन्दा कमजोर देखिन्छन् । ११ जना विद्यार्थीहरुले दोहोरिएको कथनलाई दोहोऱ्याएरै बुँदाका रूपमा टिपोट गर्ने वा केही मात्र बुँदा सही चयन गर्न सक्नु र तिनलाई बोध मान्न नसकिने अङ्शलाई प्रस्तुत गरेका छन् । त्यस्ता विद्यार्थीहरुको बुँदाटिपोटको स्थितिलाई निम्नकोटिमा राखिएको छ । बोध एकाइ ठम्याइका दृष्टिले विद्यार्थीहरुको बुँदा टिपोट क्षमता सन्तोषजनक नै पाइन्छ  तर पनि सुधार गर्नु पर्ने ठाउँहरु प्रशस्त देखिन्छन् ।

तालिका २ : क्रमबद्धता

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | माध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ७२ | ५५ | ७६.३९ | - | - | १० | १३.८९ | ७ | ९.७२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

मूल पाठ पढेर त्यसमा व्यक्त भाव वा विचारलाई बुँदामा उतार्ने काम टिपोटमा हुन्छ । मूल पाठमा जुन क्रममा मूल भाव वा विचार प्रस्तुत भएको हुन्छ सोही क्रममा बुँदाहरुलाई टिपोट गर्नुपर्ने हुन्छ । बुँदाहरुको क्रमबद्ध प्रस्तुतिका आधारमा कक्षा ९ का विद्यार्थीहरुको बुँदाटिपोटको स्थितिलाई हेर्दा ५५ जना अर्थात् ७६.३९% विद्यार्थीहरुले मूल पाठको भाव वा विचारको क्रमलाई ख्याल गरी बुँदाहरुको क्रम मिलाएका छन् । यसलाई सकारात्मक उपलब्धि मान्न सकिन्छ । सामान्य लेखनमा १० जना विद्यार्थी रहेका छन् । उनीहरुको बुँदाटिपोटको क्रम मूल पाठमा व्यक्त भाव वा विचारको क्रमसँग कमै मिल्ने स्थिति देखिन्छ । ७ जना अर्थात् ९.७२% विद्यार्थीहरु निम्न लेखनमा रहेका छन् । यिनीहरुले बुँदाटिपोटका सिलसिलामा उपयुक्त क्रम ख्याल गर्न सकेका छैनन् । सामान्य र निम्न अवस्थामा रहेका विद्यार्थीहरुलाई विचारको सिलसिला अनुसार बुँदाहरुको क्रम मिलाउन सचेत गराउनु पर्ने  देखिन्छ ।

तालिका ३ : बुँदाटिपोटको शैली

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ७२ | ३१ | ४३.०६ | १६ | २२.२२ | ८ | ११.११ | १७ | २३.६१ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

विद्यार्थीहरुको बुँदाटिपोटको कौशल परीक्षण गरी बुँदाहरुलाई कस्तो शैलीमा प्रस्तुत गरिएको छ सो कुरालाई मध्यनजर गर्नु अत्यावश्यक हुन्छ । सङ्क्षिप्तता, मितव्ययिता, स्पष्टता बुँदाका गुणहरु भएकाले बुँदाटिपोटका क्रममा यस्ता गुणको पालना भए नभएको हेरिन्छ । पद, पदावली तथा असमापिका क्रियायुक्त वाक्यको प्रयोग गरी बुँदा टिपिएको छ वा छैन भनी छनोटमा परेका विद्यार्थीहरुको बुँदाटिपोटको स्थितिलाई हेर्दा ३१ जना अर्थात् ४३.६% विद्यार्थीहरुमा मात्र यस्तो दक्षता पाइन्छ । १६ जना वा २२.२२% विद्यार्थीहरुको बुँदाटिपोट शैली मध्यम रहेको छ । लामो वाक्यका अन्त्यमा असमापिका क्रियाको प्रयोग यस्ता विद्यार्थीहरुमा पाइन्छ ।

सामान्य लेखनशैली भएका विद्यार्थीहरुको सङ्ख्या ८ जना अर्थात् ११.११% छ । यिनमा निम्नभन्दा राम्रो शैली पाउन सकिन्छ । कतै समापिका क्रिया र असमापिका क्रियायुक्त बुँदा, कतै समापिका क्रियायुक्त वाक्यलाई नै बुँदा बनाई यिनले प्रस्तुत गरेका छन् । १७ जना अर्थात् २३.६१ प्रतिशत विद्यार्थीहरुको बुँदाटिपोट शैली कमजोर देखिन्छ । समापिका क्रियायुक्त वाक्यलाई बुँदा बनाउन, तिन पङ्तिसम्मका लामा वाक्यको प्रयोग गर्नु तथा धेरै आशयलाई एउटै बुँदामा उल्लेख गर्नु यिनको कमजोरी हो । त्यसैले यिनको बुँदा टिपोटको शैलीको स्थिति कमजोर रहेको छ ।

तालिका ४ : भाषिक शुद्धता

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | माध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ७२ | २१ | २९.१६ | ३१ | ४३.०६ | ९ | १२.५० | ११ | १५.२८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

विद्यार्थीहरुको भाषिक प्रयोगमा हुनुपर्ने शुद्धतालाई आधार बनाई हेर्दा वर्णविन्यास तथा अन्य व्याकरणिक पक्षको उपयुक्त प्रयोग गर्ने विद्यार्थीहरुको सङ्ख्या

२१ अर्थात् २९.१६ प्रतिशत देखिन्छ । ३१ जना वा ४३.०६ प्रतिशत विद्यार्थीहरुको भाषिक शुद्धताको स्थिति मध्यम छ । ९ जना अर्थात् १२.५० प्रतिशत विद्यार्थीहरुको भाषा प्रयोगको स्थिति निम्न छ । विशेष गरेर चिह्न प्रयोग, वर्ण विन्यास तथा वचनगत त्रुटिहरु प्रशस्त मात्रामा देखिन्छन् । मूलपाठका वाक्यहरु जस्ताको त्यस्तै सार्ने काम बढी भएको देखिन्छ । भाषिक शुद्धताका दृष्टिले बुँदाटिपोटको स्थिति सन्तोषजनक रहेको पाइँदैन ।

## ४.२ सामुदायिक विद्यालयका विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको स्थिति

तालिका ५ : बोध एकाइको ठम्याइ

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १६ | ४४.४४ | ६ | १६.६७ | ८ | २२.२२ | ६ | १६.६७ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

नमुनामा परेका ३६ जना विद्यार्थीहरु मध्ये १६ जना अर्थात् ४४.४४ प्रतिशत विद्यार्थीहरुले बोध एकाइलाई सही ढङ्गले पहिचन गरी प्रस्तुत गरेका छन् । तर यिनको सङ्ख्या आधाभन्दा कम भएकाले यो अवस्थालाई सन्तोषजनक मान्न सकिन्न । यस्तै ६ जना अर्थात् १६.६७ प्रतिशत विद्यार्थीहरुको अवस्था मध्यम देखिन्छ भने ८ जना वा २२.२२ प्रतिशत विद्यार्थीहरुको अवस्था सामान्य देखिन्छ । यस्तै गरी ६ जना अर्थात् १६.६७ प्रतिशत विद्यार्थीहरुको स्थिति निम्न देखिन्छ । बुँदाटिपोटमा बोध एकाइको ठम्याइ नै प्रमुख कुरा हो । यसलाई सही रूपमा ठम्याउन नसके बुँदाटिपोट उपयुक्त बन्न सक्दैन । मुख्य भाव वा विचारको सही पहिचान गर्ने अभ्यास गराई सुधार गर्नुपर्ने अवस्था यहाँ देखिन्छ ।

तालिका ६ : क्रमबद्धता

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १६ | ६९.४४ | - | - | ६ | १६.६७ | ५ | १३.८९ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

सामुदायिक माध्यमिक विद्यालयबाट नमुनामा परेका ३६ जना विद्यार्थीहरुमध्ये बुँदालाई क्रमबद्ध रूपमा सही ढङ्गले गर्ने विद्यार्थीहको सङ्ख्या २५

(६९.४४ प्रतिशत) रहेको छ जुन प्रतिशतको हिसाबले राम्रो मान्न सकिन्छ । कमबद्धताका दृष्टिकोणबाट हेर्दा मध्यम खालका विद्यार्थीहरु पाइएन भने ६ जना ( १६.६७ प्रतिशत) विद्यार्थीहरुको बुँदाटिपोटको अवस्था सामान्य रहेको देखिन्छ । ६ जना (१३.८९ प्रतिशत) विद्यार्थीहरु निम्न स्थितिमा रहेका छन् । समग्रमा बुँदालाई कमबद्ध रूपमा प्रस्तुत गर्ने विद्यार्थी सङ्ख्या वा प्रतिशतलाई हेर्दा सन्तोषजनक नै मान्न सकिन्छ ।

तालिका ७ : बुँदाटिपोटको शैली

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १४ | ३८.८९ | १० | २७.७८ | ५ | १३.८९ | ७ | १९.४४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बुँदाटिपोट क्षमताको परीक्षण गर्दा बुँदाहरुलाई कस्तो शैलीमा प्रस्तुत गरिएको छ भन्ने कुराको अवलोकन गर्नु अपरिहार्य हुन्छ । सङ्क्षिप्तता, मितव्ययिता, स्पष्टता जस्ता कुराहरु बुँदाटिपोटका शैलीगत गुणहरु भएकाले टिपोटको क्रममा यस्ता गुणको पालना वा प्रयोग भए नभएको पहिल्याउनु जरुरी हुन्छ । नमुनामा परेका कुल ३६ जना विद्यार्थीहरु मध्ये १४ जना अर्थात् ३८.८९ प्रतिशत विद्यार्थीहरुको बुँदाटिपोटको शैली उत्तम रहेको छ । २७.७८ प्रतिशत अर्थात् १० जना विद्यार्थीहरु मध्यम स्थितिमा देखिएका छन् भने सामान्य स्थितिमा ५ जना वा १३.८९ प्रतिशत विद्यार्थी रहेका छन् । सङ्क्षिप्तता, मितव्ययिता तथा स्पष्टता जस्ता गुणहरुको प्रयोग गर्न नसक्ने निम्न विद्यार्थीहरुको सङ्ख्या ७ अर्थात् १९.४४ प्रतिशत देखिन्छ । समग्र विद्यार्थी सङ्ख्याको आधा विद्यार्थी पनि उत्तम श्रेणीमा नपरेकाले बुँदाटिपोटको शैली सम्बन्धी प्रशस्त अभ्यास गराउनु पर्ने अवस्था देखिन्छ ।

तालिका ८ : भाषिक शुद्धता

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | ११ | ३०.५५ | १३ | ३६.११ | ६ | १६.६७ | ६ | १६.६७ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

भाषिक प्रयोगमा हुनुपर्ने शुद्धतालाई आधार बनाई हेर्दा वर्णविन्यास तथा अन्य व्याकरिणक पक्षको उपयुक्त प्रयोग गर्ने विद्यार्थीहरुको सङ्ख्या ११ अर्थात् ३०.५५ प्रतिशत रहेको छ । १३ जना अर्थात् ३६.११ प्रतिशत विद्यार्थीहरुको भाषिक शुद्धताको अवस्था मध्यम रहेको छ भने यहाँ सामान्य र निम्न अवस्थाको सङ्ख्या बराबरी अर्थात् ६ जना १६.६७ प्रतिशत रहेको छ । मध्यम, सामान्य र निम्न स्थितिमा रहेका विद्यार्थीहरुको अवस्थालाई नियाल्दा यहाँ निकै भाषिक त्रुटिहरु भएको स्पष्ट हुन्छ जसले गर्दा भाषिक शुद्धताका दृष्टिले बुँदाटिपोटको स्थिति त्यति सन्तोषजनक छैन् ।

## ४.३ संस्थागत विद्यालयका विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको स्थिति

तालिका ९ : बोध एकाइको ठम्याइ

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | २० | ५५.५५ | ६ | १६.६७ | ५ | १३.८९ | ५ | १३.८९ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

संस्थागत माध्यमिक विद्यालयबाट नमुनामा परेका ३६ जना विद्यार्थीहरु मध्ये २० जना अर्थात् ५५.५५ प्रतिशत विद्यार्थीहरुले बोध एकाइलाई सही ढङ्गले पहिचान गरी प्रस्तुत गरेका छन् । ६ जना अर्थात् १६.६७ प्रतिशत विद्यार्थीहरु बोध एकाइको ठम्याइमा मध्यम खालका देखिन्छन् भने सामान्य र निम्न स्थितिमा रहेका विद्यार्थीहरुको सङ्ख्या ५/५ अर्थात् १३.८९ प्रतिशत देखिन्छ । बुँदाटिपोटमा बोध एकाइको ठम्याइ नै प्रमुख कुरा भएकाले यसलाई सही रूपमा ठम्याउन नसक्दा बुँदाटिपोटको औचित्य रहन सक्दैन । सङ्ख्यात्मक हिसाबले उत्तम विद्यार्थीको सङ्ख्या केही बढी भए पनि मुख्य विचारको सही पहिचन गर्ने अभ्यास प्रशस्त गराई सुधार गर्नुपर्ने देखिन्छ ।

तालिका १० : कमबद्धता

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | ३० | ८३.३३ | - | - | ४ | ११.११ | २ | ५.५६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बुँदालाई क्रमबद्ध रूपमा सही ढङ्गले प्रस्तुत गर्ने संस्थागत विद्यालयबाट नमुनामा परेका कुल ३६ विद्यार्थीहरु मध्ये ३० जना अर्थात् ८३.३३ प्रतिशत विद्यार्थीहरु उत्तम श्रेणीमा रहेका छन् । मध्यम खालको विद्यार्थीहरुको सङ्ख्या यहाँ देखिंदैन । ४ जना विद्यार्थीहरुको बुँदाटिपोटको अवस्था सामान्य रहेको छ भने क्रमबद्धतालाई ख्याल नगरी जथाभावी बुँदाटिपोट गर्ने निम्न स्तरका विद्यार्थीको सङ्ख्या २ अर्थात् ५.५६ प्रतिशत रहेको छ । समग्रमा बुँदालाई क्रमबद्ध रूपमा प्रस्तुत गर्ने क्षमताको सङ्ख्यालाई नियाल्दा यो स्थिति सन्तोषजनक नै मान्न सकिन्छ ।

तालिका ११ : बुँदाटिपोटको शैली

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १७ | ४७.२२ | ६ | १६.६७ | ३ | ८.३३ | १० | २७.७८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

उक्त तालिकालाई अध्ययन गर्दा बुँदाटिपोटको शैलीका गुणहरुलाई अवलम्बन गरी बुँदाटिपोट गर्ने विद्यार्थीहरुको सङ्ख्या १७ (४७.२२ प्रतिशत) रहेको छ । मध्यम श्रेणीमा ६ जना (१६.६७ प्रतिशत) विद्यार्थीहरु रहेका छन् भने ३ जना ( ८.३३ प्रतिशत) विद्यार्थीहरुको बुँदाटिपोटको शैली सामान्य रहेको छ । मध्यम र सामान्य सङ्ख्याको योगभन्दा बढी १० जना (२७.७८ प्रतिशत) विद्यार्थीहरु निम्न स्तरका देखिन्छन् । आधाभन्दा केही कम सङ्ख्याका विद्यार्थीहरु उत्तम श्रेणीमा देखिएकाले बुँदाटिपोटको शैलीगत गुणहरुका बारेमा धेरै विद्यार्थीहरु अनभिज्ञ देखिन्छन् । सङ्क्षिप्तता, मितव्ययिता तथा स्पष्टता जस्ता गुणहरुको कमै प्रयोग भएको यस स्थितिमा त्यस सम्बन्धी थप प्रशस्त अभ्यास गराउनु पर्ने देखिन्छ ।

तालिका १२ : भाषिक शुद्धता

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १० | २७.७८ | १८ | ५० | ३ | ८.३३ | ५ | १३.८९ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

भाषा सिक्नु भनेकै शुद्धसँग बोल्न तथा लेख्न सिक्नु हो । बुँदाटिपोट लेखाइ सिपसँग बढी सम्बद्ध भएकाले पनि शुद्धसँग लेख्नु अपरिहार्य छ । तथापि

विद्यार्थीहरुले यसमा निकै त्रुटिहरु गरेको पाइन्छ । प्रस्तुत तालिकालाई हेर्दा पनि भाषिक शुद्धताका दृष्टिले वर्णविन्यास तथा अन्य व्याकरणिक पक्षको उपयुक्त प्रयोग गरी बुँदाटिपोट गर्ने विद्यार्थीको सङ्ख्या १० अर्थात् २७.७८ प्रतिशत मात्र देखिन्छ । कुल विद्यार्थी सङ्ख्याको आधा अर्थात् १८ जना विद्यार्थीहरु मध्यम खालका देखिन्छन् भने सामान्यमा ३ जना अर्थात् ८.३३ प्रतिशत र निम्नमा ५ जना अर्थात् १३.८९ प्रतिशत विद्यार्थीहरुले वर्णविन्यासगत त्रुटि बढी र केही बचनगत त्रुटिहरु गरेको पाइयो । समग्रमा भाषिक शुद्धताका दृष्टिले बुँदाटिपोटको अवस्था त्यति सन्तोषजनक देखिदैन तसर्थ लेखाइमा बढी अभ्यस्त गराउनु पर्ने खाँचो यहाँ देखिन्छ ।

## ४.४ छात्रहरुको बुँदाटिपोट क्षमताको स्थिति

झापा जिल्लाका तिनवटा सामुदायिक माध्यमिक विद्यालय र तिनवटा संस्थागत माध्यमिक विद्यालयबाट नमुना छनोटमा परेका ३६ जना छात्रहरुको बुँदाटिपोटको आधारमा कक्षा नौमा अध्ययन गर्ने छात्रहरुको बुँदाटिपोट क्षमताको स्थिति यस्तो देखिन्छ :

तालिका १३ : बोध एकाइको ठम्याइ

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | माध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १६ | ४४.४४ | ७ | १९.४४ | ७ | १९.४४ | ६ | १६.६८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बोध एकाइको ठम्याइ नै बुँदाटिपोटको महत्वपूर्ण पाटो हो । दिइएको पाठलाई राम्ररी बुझ्न सक्नु नै बोध हो । तसर्थ पाठलाई राम्ररी बुझ्न नसक्दा बुँदाटिपोट पनि सही हुन सक्दैन् । माथिका तालिकालाई अध्ययन गर्दा कूल ३६ जना छात्रहरुमध्ये १६ जना अर्थात् ४४.४४ प्रतिशत छात्रहरले मात्र सही रूपमा पाठको बोध एकाइलाई ठम्याइ ठीकसँग बुँदा टिपेको पाइयो । मध्यम स्थानमा रहेका ७ जना अर्थात् १९.४४ प्रशितले महत्वपूर्ण सबै बुँदा टिपोट नसकी केही छुटाएको देखिन्छ ।

सामान्य स्थितिमा ७ जना अर्थात् १९.४४ प्रतिशत छात्रहरु रहेका छन् जसले मध्यम भन्दा अझै कम बोध गरेको स्थिति छ । निम्न स्थानमा रहेका ६ जना अर्थात् १६.६८ प्रतिशत छात्रहरुले भने सही बुँदा ठम्याउन नसकेको देखिन्छ ।

यिनीहरुले पाठमा भएका कतिपय हरफहरुलाई छोड्दै लेखेको पाइयो । समग्रमा हेर्दा कूल विद्यार्थी सङ्ख्याको आधा विद्यार्थी सङ्ख्या  पनि उत्तम स्थानमा रहन नसकेको अवस्था हेर्दा बोध एकाइको ठम्याइको दृष्टिले कक्षा नौ मा अध्ययन गर्ने छात्रहरुको बुँदाटिपोटको क्षमता सन्तोषजनक देखिँदैन तसर्थ उनीहरुलाई बुँदाटिपोट सम्बन्धी प्रशस्त अभ्यास गराउनु पर्ने हुन्छ ।

तालिका १४ : क्रमबद्धता

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | माध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | २७ | ७५ | - | - | ६ | १६.६७ | ३ | ८.३३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

दिइएको पाठलाई आदिदेखि अन्त्यसम्म पढीसक्नु विद्यार्थीहरुको अर्को दक्षता हो । तलमाथि गरी टिपोट गरिएका बुँदाहरुले मूल पाठको आशयलाई समेट्न नसक्ने स्थिति रहन सक्छ तसर्थ बुँदाहरुलाई क्रमबद्धरूपमा टिपिएको छ छैन भनी परीक्षण गर्न आवश्यक हुन्छ । माथिको तालिकालाई अध्ययन गर्दा नमुना छनोटमा परेका कूल ३६ जना छात्रहरु मध्ये २७ जना अर्थात् ७५ प्रतिशत छात्रहरुले बुँदाटिपोटको क्रमबद्धतालाई अँगाली सही ढङ्गले बुँदाटिपोट गरेको देखिन्छ जुन सङ्ख्यालाई सन्तोषजनक नै मान्नुपर्छ । मध्यम स्तरका छात्रहरुले बुँदाटिपोटको सामान्य क्रमलाई अँगाली कतै क्रमभङ्ग गर्दै बुँदाटिपोटका छन् भने ३जना अर्थात् ८.३३ प्रतिशत छात्रहरुले आदि, मध्य र अन्त्यको ख्याल नगरी जथाभावी बुँदाटिपोट गरेका छन् । कूल छात्र सङ्ख्यालाई हेर्दा क्रमबद्धताका दृष्टिले कक्षा नौका छात्रहरुको बुँदाटिपोटको क्षमता राम्रै मान्न सकिन्छ ।

तालिका १५ : बुँदाटिपोटको शैली

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १५ | ४१.६७ | ८ | २२.२२ | ५ | १३.८९ | ८ | २२.२२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

भाषिक सिपलाई व्यक्त गर्ने भिन्न भिन्न शैलीहरु रहेका हुन्छन् । बुँदाटिपोटको शैली र सङ्क्षेपीकरणको शैली फरक फरक किसिमको हुन्छ ।

सङ्क्षिप्तता, मितव्ययिता तथा स्पष्टता जस्ता गुणहरु बुँदाटिपोटमा आवश्यक मानिन्छन् । तसर्थ सिकारुमा उक्त क्षमताको विकास भए नभएको परीक्षण गर्न पनि आवश्यक हुन्छ । यहाँ बुँदाटिपोटको उपयुक्त गुणहरु प्रयोग भएका छन् वा छैनन् भनी मूल्याङ्कन गर्दा छनोटमा परेका ३६ जना छात्रहरुमध्ये १५ जना अर्थात् २२.२२ प्रतिशत छात्रहरु मात्र उक्त शैलीको प्रयोग गर्न सफल देखिन्छन् । ८ जना अर्थात् २२.२२ प्रतिशत छात्रहरु मध्यम खालका रहेका् । बुँदाटिपोट सम्बन्धी सामान्य क्षमता भएका छात्रहरुको सङ्ख्या ५ अर्थात् १३.८९ प्रतिशत रहेको छ भने शैलीको कति पनि ख्याल नगरी बुँदाटिपोट गर्ने निम्न अवस्थाका छात्रहरुको सङ्ख्या ८ अर्थात् २२.२२ प्रतिशत रहेको छ जुन मध्यम अवस्थामा रहेका विद्यार्थीको सङ्ख्या र प्रतिशतसँग बराबर रहेको छ । समग्रमा हेर्दा बुँदाटिपोटको शैलीलाई राम्ररी अवलम्बन गरी बुँदाटिपोट गर्नेहरुको सङ्ख्या आधा अर्थात् ५० प्रतिशतभन्दा कम भएकाले यो अवस्थालाई सन्तोषजनक मान्न सकिन्न । तसर्थ बुँदाटिपोटको शैली सम्बन्धी विद्यार्थीहरुलाई प्रशस्त अभ्यास गराउनु पर्ने देखिन्छ ।

तालिका १६ : भाषिक शुद्धता

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १० | २७.७८ | १४ | ३८.८९ | ५ | १३.८९ | ७ | १९.४४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

लेखाइ सिप विकासको अर्को महत्त्वपूर्ण पाटो भनेको भाषिक शुद्धता पनि हो । वर्णविन्यास, चिह्नहरुको उचित प्रयोग तथा अन्य व्याकरणिक पक्षको राम्ररी प्रयोग गरेर बुँदाटिपोट गरेको छ वा छैन भनी परीक्षण गर्दा नमुना छनोटमा परेका कूल ३६ जना छात्रहरुमध्ये १० जना अर्थात् २७.७८ प्रतिशत छात्रहरु मात्र उत्तम स्थानमा देखिन्छन् । कूल छात्रहरुमध्ये १४ जना अर्थात् ३८.८९ प्रतिशत छात्रहरुको भाषिक शुद्धता मध्यम रहेको छ । व्याकरणिक शुद्धतालाई थोरै मात्र ख्याल गरी बुँदाटिपोट गर्ने सामान्य अवस्थाका छात्रहरुको सङ्ख्या ५ अर्थात् १३.८९ प्रतिशत रहेको देखिन्छ । व्याकरणिक शुद्धताको दृष्टिले निकै कमजोर देखिने छात्रहरुको सङ्ख्या ७ अर्थात् १९.४४ प्रतिशत रहेको छ । उक्त तालिकालाई हेर्दा उत्तमभन्दा मध्यमको सङ्ख्या बढी देखिएको छ भने मध्यमभन्दा कम सङ्ख्या सामान्य र

सामान्यभन्दा बढी सङ्ख्या निम्न अवस्थामा रहेको देखिन्छ जुन भाषिक शुद्धताका दृष्टिले निकै न्यून स्थिति हो । विद्यार्थीहरुलाई भाषिक शुद्धाशुद्धी सम्बन्धी प्रशस्त अभ्यास गराई सामान्य र निम्न अवस्थामा रहेका छात्रहरुलाई माथि उठाउन सकिन्छ ।

## ४.५ छात्राहरुको बुँदाटिपोट क्षमताको स्थिति

झापा जिल्लाका ३ वटा सामुदायिक र ३ वटा संस्थागत माध्यमिक विद्यालयबाट नमूना छनोटमा परेका ३६ जना छात्राहरुको बुँदाटिपोट क्षमताको आधारमा कक्षा नौमा अध्ययनरत समग्र छात्राहरुको बुँदाटिपोट क्षमताको स्थिति यस्तो देखिन्छ :

तालिका १७ : बोध एकाइको ठम्याइ

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | २० | ५५.५५ | ५ | १३.८९ | ६ | १६.६७ | ५ | १३.८९ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बुँदाटिपोटको महत्त्वपूर्ण पक्ष बोध एकाइको ठम्याइ नै हो । बुझाइ सही नभए बुँदाटिपोट पनि सही हुन सक्दैन । प्रस्तुत तालिका अध्ययन गर्दा कूल ३६ जना छात्राहरुमध्ये २० जना अर्थात् ५५.५५ प्रतिशतले मात्र बोध एकाइलाई राम्ररी ठम्याउन सकेको देखिन्छ । बोध एकाइको ठम्याइलाई केही हदसम्म छुट्याई बुँदाटिपोट गर्ने अर्थात् मध्यम स्थानमा रहने छात्राको सङ्ख्या ५ वा १३.८९ प्रतिशत रहेको छ । पाठलाई थोरै मात्र बुझेर बुँदाटिपोट गर्ने विद्यार्थीहरुको सङ्ख्या ६ अर्थात् १६.६७ प्रतिशत रहेको छ भने ५ जना अर्थात् १३.८९ प्रतिशत छात्राले बोध एकाइलाई राम्ररी ठम्याउन नसकी आफ्नै हिसाबले बुँदाटिपोट गरेको देखिन्छ, जसलाई निम्न कोटीमा राखिएको छ । समग्रमा हेर्दा कूल छात्रा सङ्ख्याको आधा भन्दा बढी अर्थात् ५५.५५ प्रतिशत उत्तम र ५ जना अर्थात् १३.८९ प्रतिशत छात्राहरु मध्यम खाले देखिएकाले बोध एकाइ ठम्याइएको दृष्टिले कक्षा नौ मा अध्ययनरत छात्राहरुको बुँदाटिपोट क्षमता केही सन्तोषजनक नै मान्न सकिन्छ ।

तालिका १८ : क्रमबद्धता

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | २८ | ७७.७८ | - | - | ४ | ११.११ | ४ | ११.११ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बुँदाटिपोटको अर्को दक्षता भनेको पाठ पढेर वा सुनेर त्यसको मूलभाव वा विचार कुन क्रममा रहेको छ सो पत्ता लगाई तदनुरूप बुँदाहरुलाई क्रम मिलाएर टिपोट गर्नु पनि हो । बुँदाहरुको क्रमबद्ध प्रस्तुतिलाई आधार मानी कक्षा नौमा अध्ययनरत छात्राहरुको बुँदाटिपोट क्षमताको स्थितिलाई हेर्दा कूल ३६ जना छात्रहरुमध्ये २८ जना अर्थात् ७८ प्रतिशतले मूल पाठको भाव वा विचारलाई क्रम मिलाएर बुँदा टिपेको देखिन्छ । मध्यम खाले छात्राहरु उक्त तालिकामा देखिँदैनन् भने ४/४ जना अर्थात् ११.११ प्रतिशत छात्राको सङ्ख्या सामान्य र न्यून स्थानमा रहेको छ । यिनीहरुले मूलपाठको भावसँग कमै मात्र क्रम मिलाएर बुँदाटिपोट गरेका छन् । समग्रमा हेर्ने हो भने क्रमबद्धताका दृष्टिले कक्षा नौमा अध्ययनरत छात्राहरुको बुँदाटिपोटको स्थिति सन्तोषजनक मान्न सकिन्छ तथापि सामान्य र निम्न स्थितिमा रहेका विद्यार्थीहरुलाई यस सम्बन्धी प्रशस्त अभ्यास गराउनु आवश्यक देखिन्छ ।

तालिका १९ : बुँदाटिपोटको शैली

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १६ | ४४.४४ | ८ | २२.२२ | ३ | ८.३४ | ९ | २५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

दिइएको पाठलाई राम्ररी अध्ययन गरी सङ्क्षिप्तता, मितव्ययिता तथा स्पष्टता जस्ता बुँदाटिपोटका गुणहरुलाई अवलम्बन गरी बुँदाटिपोट गर्न सक्नु विद्यार्थीहरको अर्को दक्षता हो । उक्त दक्षताको परीक्षणका निमित्त उल्लिखित गुणहरुको प्रयोग भए नभएको ठम्याउनु आवश्यक हुन जान्छ । उपयुक्त तालिकालाई अध्ययन गर्दा कूल छात्रा सङ्ख्या ३६ मध्ये १६ जना अर्थात् ४४.४४ प्रतिशत छात्राहरुले मात्र उल्लिखित गुणहरुको प्रयोग गर्रा बुँदाटिपोट गरेको देखिन्छ वा १६ छात्राहरुले मात्र बुँदाटिपोटको सही शैली ठम्याउन सकेका छन् । ८ जना अर्थात्

२२.२२ प्रतिशत छात्राहरुको बुँदाटिपोट शैली मध्यम रहेको छ । यिनीहरुले बुँदाटिपोटको शैलीमा हुनुपर्ने सबै गुणहरु पहिल्याउन सकेका छैनन् । तालिका अनुसार ३ जना अर्थात् ८.३४ प्रतिशत छात्राहरु सामान्य स्थितिमा रहेका छन् भने कुल छात्रा सङ्ख्याको एक चौथाइ अर्थात् ९ जना (२५ प्रतिशत) छात्राहरुको उपयुक्त शैली छनोटका दृष्टिले बुँदाटिपोटको अवस्था निम्न रहेको छ । यिनीहरुले बुँदाटिपोटका उल्लिखित गुणहरुको प्रयोग नगरी समापिका क्रियायुक्त वाक्य तथा लामा लामा वाक्यहरुको प्रयोग गरी बुँदाटिपोट गरेका छन् । समग्रमा हेर्दा बुँदाटिपोटका क्रममा प्रयोग गरिनु पर्ने उचित शैलीको प्रयोग गर्ने छात्राहरुको सङ्ख्या आधाभन्दा कम देखिएकाले शैलीसम्बन्धी प्रशस्त अभ्यास गराई सुधार गर्नुपर्ने देखिन्छ ।

तालिका २० : भाषिक शुद्धता

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | ११ | ३०.५५ | १७ | ४७.३२ | ४ | ११.११ | ४ | ११.११ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

भाषिक शुद्धता लेखाइ सिपको अर्को महत्त्वपूर्ण पाटो हो । अशुद्ध वाक्य लेखाइ वा अशुद्ध बोलाइले पनि भाव त बुझिन्छ तर शुद्धसँग लेख्नु वा बोल्नु भाषा सिकाइका क्रममा आवश्यक मानिन्छ । चिह्नहरुको उचित प्रयोग, वर्णविन्यास सम्बन्धी उपयुक्त प्रयोग तथा अन्य व्याकरणिक पक्षको शुद्ध प्रयोग लेखाइ सिपका लागि आवश्यक हुनजान्छ । तसर्थ बुँदाटिपोटको क्रममा पनि उक्त कुराहरु ख्याल गरी टिपोट गरिएको छ छैन भनी परीक्षण गर्नुपर्ने हुन्छ । भाषिक शुद्धतालाई ख्याल गरी के कति छात्राहरुले बुँदाटिपोट गरे भनी परीक्षण गर्दा नमुनामा परेका कुल ३६ जना छात्राहरुमध्ये ११ जना अर्थात् ३०.५६ प्रतिशत छात्राहरु मात्र उत्तम श्रेणीमा पर्न सफल भएका छन् । तालिका अनुसार उत्तमभन्दा मध्यम स्थानमा रहेका विद्यार्थीहरुको सङ्ख्या ६ ले बढी देखिन्छ वा मध्यम स्थानमा १७ जना अर्थात् ४७.३२ प्रतिशत छात्रा रहेका छन् । थोरै मात्रामा भाषिक शुद्धताको प्रयोग गरी बुँदाटिपोट गर्ने छात्राको सङ्ख्या समेत ४ अर्थात् ११.११ प्रतिशत नै रहेको देखिन्छ । समग्रमा हेर्दा भाषिक शुद्धताका दृष्टिले कक्षा नौमा अध्ययनरत छात्राहरुको बुँदाटिपोट क्षमता

कमजोर रहेको देखिन्छ । भाषिक शुद्धताका लागि प्रशस्त लेखन अभ्यास गराउनु आवश्यक हुन जान्छ ।

## ४.६ नेपाली मातृभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको स्थिति

कक्षा नौमा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमता पहिचान गर्न अध्ययनक्षेत्र भित्रका ३ वटा सामुदायिक माधमित विद्यालय र ३ वटा संस्थागत माध्यमिक विद्यालयमा अध्ययनरत छनोटमा परेका ३६ जना विद्यार्थीहरुको बुँदाटिपोटको अवस्थालाई उपयोग गरिएको छ । उक्त तहका विद्यार्थीहरुबाट बुँदाटिपोट गराई तिनको विश्लेषण गरिएको छ जसलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

तालिका २१ : बोध एकाइको ठम्याइ

| कूल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १९ | ५२.७८ | ७ | १९.४४ | ६ | १६.६७ | ४ | ११.११ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बोध एकाइको ठम्याइका दृष्टिले कक्षा नौमा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन गर्दा छनोटमा परेका ३६ जना विद्यार्थीहरुमध्ये १९ जना अर्थात् ५२.६८ प्रतिशत विद्यार्थीहरु उत्तम श्रेणीमा रहेका छन् । मूल पाठको सम्पूर्ण बोध एकाइलाई समेट्न नसक्ने मध्यम खाले विद्यार्थीहरुको सङ्ख्या ७ अर्थात् १९.४४ प्रतिशत रहेको छ । यिनीहरुको बुँदाटिपोटमा केही बोध एकाइहरु छुटेका पाइन्छन् । पाठसँग सम्बद्ध बुँदालाई थोरै मात्र समेटी बुँदाटिपोट गर्ने सामान्य विद्यद्यार्थीहरु ६ जना अर्थात् १६.।६७ प्रतिशत रहेका छन् भने बोध एकाइलाई राम्ररी ठयाउन नसकी आफ्नै प्रकारले बुँदाटिपोट गर्ने निम्न स्थितिमा रहेका विद्यार्थीहरुको सङ्ख्या ४ अर्थात् ११.११ प्रतिशत रहेको छ । समग्रमा बोध एकाइ ठम्याइका दृष्टिले कक्षा नौमा पढ्ने नेपाली मातृभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमता त्यति सन्तोषजनक मान्न सकिन्न । भण्डै आधा जति विद्यार्थीहरु मध्यम, सामान्य र निम्न कोटीको देखिएकाले यस सम्बन्धी प्रशस्त अभ्यास गराउनु पर्ने देखिन्छ ।

तालिका २२ : क्रमबद्धता

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | २९ | ८०.५६ | - | - | ५ | १३.८९ | २ | ५.५६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

मूल पाठको आशयलाई सिलसिला मिलाएर क्रमबद्धरूपमा बुँदाटिपोट गर्न सक्नु बुँदाटिपोटको अर्को गुण हो । क्रमभङ्ग गरी टिपिएका बुँदाले मूल पाठको आशयलाई नसमेटी अन्य अर्थ लाग्न पनि सक्छ । माथिको तालिकालाई अध्ययन गर्दा बुँदालाई क्रमबद्ध रूपमा प्रस्तुत गर्न सक्ने उत्तम स्तरका विद्यार्थीहरु २९ जना अर्थात् ८०.५६ प्रतिशत देखिन्छ । मध्यम स्थितिका विद्यार्थीहरु उक्त तालिकामा देखिंदैनन भने केही क्रमभङ्ग र केही क्रमबद्ध रूपमा बुँदाटिपोट गर्ने सामान्य विद्यार्थीहरुको सङ्ख्या ५ रहेको छ जुन कूल विद्यार्थी सङ्ख्याको १३.८९ प्रतिशत हो । बुँदालाई क्रम नमिलाई प्रस्तुत गर्ने निम्न कोटीका विद्यार्थीहरु २ जना अर्थात् ५.५६ प्रतिशत रहेका छन् । यिनीहरुमा बुँदाटिपोट गर्दा क्रमबद्धतालाई पनि ख्याल गर्नुपर्छ भन्ने सचेतता नआएको अवस्था छ । समग्रमा हेर्दा भने बुँदाको क्रमबद्धताका दृष्टिले कक्षा नौमा अध्ययनरत मातृभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमतालाई सन्तोषजनक नै मान्न सकिन्छ ।

तालिका २३ : बुँदाटिपोटको शैली

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १७ | ४७.३२ | ९ | २५ | ४ | ११.११ | ६ | १६.६७ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

उक्त तालिकालाई अध्ययन गर्दा बुँदाटिपोट गर्दा उपयोग गरिने शैलीगत गुणको अवलम्बन गर्ने विद्यार्थी सङ्ख्या १७ अर्थात् ४७.२२ प्रतिशत देखिन्छ । धेरैजसो गुणको अवलम्बन गरी थोरै गुण अवलम्बन गर्न नसक्ने मध्यम स्तरका विद्यार्थीको सङ्ख्या ९ रहेको देखिन्छ जुन कूल सङ्ख्याको एक चौथाइ अर्थात् २५ प्रतिशत हो । सामान्य स्थितिमा रहेका विद्यार्थीहरु निम्न कोटीमा रहेका छन् जसले सङ्क्षिप्तता, मितव्ययिता तथा स्पष्टता जस्ता शैलीगत गुणहरुभन्दा भिन्न शैलीमा

बुँदाटिपोट गरेका छन् । विशेषतः यिनीहरुले समापिका क्रियायुक्त लामा वाक्य प्रयोग गरेको स्थिति देखिन्छ । बुँदाटिपोटको उचित शैली प्रयोग भए वा नभएको दृष्टिले मूल्याङ्कन गर्दा नमुनामा परेका कुल विद्यार्थी सङ्ख्याको आधा विद्यार्थी पनि उत्तम श्रेणीमा नपरेको अवस्थालाई सन्तोषजनक मान्न नसकिने देखिन्छ । अतः यस सम्बन्धी थप अभ्यासहरु प्रशस्त गराउनु पर्ने देखिन्छ ।

तालिका २४ : भाषिक शुद्धता

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १२ | ३३.३४ | १८ | ५० | ३ | ८.३३ | ३ | ८.३३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

भाषलाई कत्तिको शुद्धसँग प्रस्तुत गर्न सके भनी परीक्षण गर्ने क्रममा नमुनामा परेका ३६ जना नेपाली मातृभाषी विद्यार्थीहरुमध्ये १२ जना अर्थात् ३३.३४ प्रतिशत विद्यार्थी मात्र अग्रस्थानमा रहन सफल भएका छन् । कुल सङ्ख्याको आधा अर्थात् ५० प्रतिशत विद्यार्थीहरु मध्यम स्थानमा रहेका छन् भने समान ३/३ जना अर्थात् ८·३३ प्रतिशत विद्यार्थी क्रमशः सामान्य र निम्न स्थानमा देखिन्छन् । विशेषतः नमुनामा परेका ३६ जना विद्यार्थीहरुमध्ये १२ जना अर्थात् ३३.३४ प्रतिशत विद्यार्थीहरुले मात्र अग्रस्थान हासिल गर्नुले अन्य अधिकाम्श विद्यार्थीहरुले वर्णविन्यास सम्बन्धी प्रशस्त त्रुटिहरु गरेको पाइयो । उक्त तालिकालाई विश्लेशष गर्दा भाषिक शुद्धताका दृष्टिले कक्षा नौमा पढ्ने नेपालीभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अवस्था कमजोर देखिन्छ । शुद्ध लेखनका प्रशस्त अभ्यासहरु गराई यो अवस्थामा सुधार ल्याउनु पर्ने देखिन्छ ।

## ४.७ नेपाली दोस्रोभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको स्थिति

कक्षा नौमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमता पहिचान गर्न तोकिएको क्षेत्रभित्रका ३ वटा सामुदायिक माध्यमित विद्यालय र ३ वटा संस्थागत माध्यमिक विद्यालयमा अध्ययनरत नमुना छनोटमा परेका ३६ जना विद्यार्थीहरुको बुँदाटिपोटको अवस्थालाई उपयोग गरिएको छ । नेपाली दोस्रोभाषी विद्यार्थी

भन्नाले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने उक्त तहका विद्यार्थीहरुबाट बुँदाटिपोट गराई तिनको विश्लेषण गरिएको छ जसलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

तलिका २५ : बोध एकाइको ठम्याइ

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १७ | ४७.२२ | ५ | १३.८९ | ७ | १९.४४ | ७ | १९.४४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

मथिको तालिकालाई अध्ययन गर्दा नमुनामा परेका ३६ जना दोस्रोभाषी विद्यार्थीहरुमध्ये सही बोध एकाइ ठम्याएर बुँदाटिपोट गर्ने विद्यार्थीहरुको सङ्ख्या १७ अर्थात् ४७.२३ प्रतिशत रहेको देखिन्छ । मूल पाठको सम्पूर्ण बोध एकाइ ठम्याउन नसक्ने मध्यम स्तरका विद्यार्थीहरु ५ अर्थात् १३.८९ प्रतिशत देखिन्छ । पाठको सम्पूर्ण बोध एकाइ ठम्याउन नसक्ने मध्यम स्तरका विद्यार्थीहरु ५ अर्थात् १३.८९ प्रतिशत देखिन्छ । पाठसँग सम्बद्ध कुरालाई थोरै मात्र बुँदाटिपोट गर्ने सामान्य स्तरका विद्यार्थी सङ्ख्या पनि ७ नै रहेको छ जुन कुल विद्यार्थीसङ्ख्याको १९.४४ प्रतिशत नै हो । यसरी हेदाई बोध एकाइको ठम्याइका दृष्टिले कक्षा नौमा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरुको स्थिति त्यति सन्तोषजनक मान्न सकिन्छ । तसर्थ यस्तो अवस्थामा सुधार ल्याउन बुँदाटिपोट सम्बन्धी अभ्यासहरु प्रशस्त नै गराउनु पर्ने देखिन्छ ।

तलिका २६ : क्रमबद्धता

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १७ | ४७.२२ | ५ | १३.८९ | ७ | १९.४४ | ७ | १९.४४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

नेपाली दोस्रोभाषी विद्यार्थीहरुमध्ये २६ जना विद्यार्थीहरुले बुँदाको क्रमबद्धतालाई मनन गरी सही ढङ्गले बुँदाटिपोट गरेका छन् । यो कुल विद्यार्थी सङ्ख्याको ७२.२२ प्रतिशत हो । यहाँ मध्यम स्थितिका विद्यार्थीहरु रहेका छैनन् भने सामान्य र निम्न स्थितिमा रहेका विद्यार्थीहरुको सङ्ख्या समान ५/५ रहेको छ जुन कुल विद्यार्थी सङ्ख्याको १३.८९ प्रतिशत हुन आउँछ । सामान्य स्थितिमा रहेका

विद्यार्थीहरुले बुँदाटिपोटको क्रमलाई केही हदसम्म समेट्न खोजेका छन् भने निम्न स्थितिमा रहेका विद्यार्थीहरुले यसमा ध्यान नदिएको देखिन्छ । समग्रमा हेर्दा भने नतिजा सन्तोषजनक नै मान्न सकिन्छ तथापि सामान्य र निम्न अवस्थामा रहेका विद्यार्थीहरुको स्तर उकास्न भने उनीहरुका लागि थप अभ्यासहरु प्रशस्त गराउनु पर्ने हुन्छ ।

तालिका २७ : बुँदाटिपोटको शैली

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | १४ | ३८.८९ | ७ | १९.४४ | ४ | ११.११ | ११ | ३०.५६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बुँदाटिपोटमा प्रयोग गरिएको शैलीलाई आधार बनाई नेपाली दोस्रोभाषी विद्यार्थीहरुमाथि गरिएको परीक्षण अनुसार नमुनामा परेका कुल ३६ जना विद्यार्थीहरुमध्ये १४ जना अर्थात् ३८.८९ प्रतिशत विद्यार्थीहरुले मात्र उचित शैलीको प्रयोग गरी बुँदाटिपोट गरेको देखिन्छ । मध्यम स्थितिमा रहेका विद्यार्थीहरुको सङ्ख्या ७ जना अर्थात् १९.४४ प्रतिशत देखिन्छ । कुल विद्यार्थी सङ्ख्याको ११.११ प्रतिशत अर्थात् ४ जना नेपाली दोस्रोभाषी विद्यार्थीहरु सामान्य स्थानमा रहेको छन् भने त्यसको झण्डै ३ गुणा बढी अर्थात् ११ जना (३०.५६ प्रतिशत) विद्यार्थीहरु निम्न स्थानमा रहेको उक्त तालिका अध्ययन गर्दा नतिजा सन्तोषजनक मान्न सकिन्न । यहाँ थोरै मात्र विद्यार्थीहरुले बुँदाटिपोटको सङ्क्षिप्तता, मितव्ययिता तथा स्पष्टता जस्ता गुणहरुको अवलम्बन गरी बुँदा टिपोट गरेको देखिन्छ भने आधाभन्दा धेरै विद्यार्थीहरु प्रस्तुत शैली वा गुणहरुप्रति अनभिज्ञ भएको देखिन्छ । तसर्थ बुँदाटिपोट गर्दा अपनाउनु पर्ने शैलीसम्बन्धी प्रशस्त अभ्यास गराई विद्यार्थीहरुलाई दक्ष बनाउनुपर्ने खाँचो देखिन्छ ।

तालिका २८ : भाषिक शुद्धता

| कुल सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | ९ | २५ | १३ | ३६.११ | ६ | १६.६७ | ८ | २२.२२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

दोस्रो भाषा सिकाइमा पहिलो भाषाका वाक्यगठन, शब्दभण्डार, उच्चारण तथा वचन जस्ता विविध पक्षले प्रभाव पारेको हुन्छ । सामान्यतः दोस्रो भाषा भाषिक शुद्धताका दृष्टिले पहिलोभन्दा बढी त्रुटिपूर्ण हुने गर्दछ । प्रस्तुत तालिकाको अध्ययन गर्दा पनि नतिजा लगभग त्यस्तै देखिन्छ । यहाँ भाषिक शुद्धताका दृष्टिले कक्षा नौमा पढ्ने नेपाली दोस्रोभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमतालाई परीक्षण गर्दा छनोटमा परेका ३६ जना विद्यार्थीहरुमध्ये ९ जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरु मात्र भाषिक शुद्धताका दृष्टिले सफल देखिन्छन् । जम्मा विद्यार्थी सङ्ख्याको ३६.११ प्रतिशत अर्थात् १३ जना विद्यार्थीहरु निम्न स्थानमा रहेका छन् जसको लेखाइमा वर्णविन्यास तथा सङ्गति लगायतका क्षेत्रमा हुने त्रुटिहरु पाइयो । सामान्य स्थितिमा रहेका ६ जना अर्थात् १६.६७ प्रतिशत विद्यार्थीहरु तथा निम्न स्थानमा रहेका ८ जना अर्थात् २२.२२ प्रतिशत विद्यार्थीहरुले पनि उल्लिखित क्षेत्रका त्रुटिहरु प्रशस्त गरेको पाइएको छ । कुल ३६ जना विद्यार्थीमध्ये ९ जना (२५ प्रतिशत) मात्र भाषिक शुद्धताका दृष्टिले उत्तम स्थानमा आउनुलाई राम्रो नतिजा मान्न सकिन्न । तसर्थ नेपाली दोस्रोभाषी विद्यार्थीहरुलाई भाषिक शुद्धतासम्बन्धी प्रशस्त अभ्यास गराउनु पर्ने देखिन्छ ।

## ४.८ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको तुलना

सामुदायिक माध्यमिक विद्यालय र संस्थागत माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा नौका विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका २९ : क्रमबद्धता

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ३६ | २५ | ६९.४४ | - | - | ६ | १६.६७ | ५ | १३.८९ |
| संस्थागत | ३६ | ३० | ८३.३३ | - | - | ४ | ११.११ | २ | ५.५६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

प्रस्तुत तालिका अध्ययन गर्दा बुँदाको क्रमबद्धताका आधारमा सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरुभन्दा संस्थागत माध्यमिक विद्यालयका विद्यार्थीहरु अगाडि देखिन्छन् । कुल ३६ जना विद्यार्थीहरुमध्ये सामुदायिक विद्यालयका २५ जना अर्थात् ६९.४४ प्रतिशतले मात्र बुँदाको क्रमबद्धतालाई अंगाली बुँदाटिपोट गरेका छन् भने संस्थागत तर्फ यो सङ्ख्या ३० अर्थात् ८३.३३ प्रतिशत रहेको छ । मध्यम स्थितिमा दुबै प्रकारका विद्यालयका विद्यार्थीहरु रहेका देखिंदैनन् भने सामान्य अवस्थामा सामुदायिक विद्यालयका ६ र संस्थागतका ४ विद्यार्थीहरु रहेका छन् । निम्न स्थानमा रहेका विद्यार्थीहरुको सङ्ख्या पनि सामुदायिक विद्यालयतर्फ ५ र संस्थागत विद्यालयतर्फ २ रहेको स्थितिलाई हेर्दा क्रमबद्धताका दृष्टिले सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरुभन्दा संस्थागत माध्यमिक विद्यालयका विद्यार्थीहरु अगाडि देखिन्छन् ।

तालिका ३० : बुँदाटिपोटको शैली

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ३६ | १४ | ३०.८९ | १० | २७.७८ | ५ | १३.८९ | ७ | १९.४४ |
| संस्थागत | ३६ | ३६ | ४७.२२ | ६ | १६.६७ | ३ | ८.३३ | १० | २७.७८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बुँदाटिपोटको शैलीलाई आधार मानी कक्षा नौका सामुदायिक माध्यमिक विद्यालय र संस्थागत माध्यमिक विद्यालयका विद्यार्थीहरुको बुँदाटिपोट क्षमतालाई तुलना गर्द उत्तम श्रेणीमा रहने सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरुको सङ्ख्या १४ रहेको छ भने संस्थागत माध्यमिक विद्यालयका विद्यार्थीहरुको सङ्ख्या १७ रहेको छ । यसै गरी मध्यमतर्फ सामुदायिक माध्यमिक विद्यालयका १० जना विद्यार्थीहरु देखिन्छन् भने संस्थागत विद्यालयतर्फ यो सङ्ख्या ६ रहेको छ । सामान्य स्थितिमा सामुदायिक माध्यमिक विद्यालयमा ५ र संस्थागत माध्यमिक विद्यालयमा ३ जना विद्यार्थीहरु रहेका छन् । निम्न स्थानमा सामुदायिक माध्यमिक विद्यालयको भन्दा संस्थागत माध्यमिक विद्यालयका विद्यार्थीहरुको सङ्ख्या अगाडि भए पनि उत्तम श्रेणीमा रहेका विद्यार्थीहरुको सङ्ख्या र प्रतिशतलाई हेर्दा भने बुँदाटिपोटको

शैलीका दृष्टिले थोरै मात्र भए पनि संस्थागत माध्यमिक विद्यालयका विद्यार्थीहरु नै अगाडि देखिन्छन् ।

तालिका ३१ : भाषिक शुद्धता

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ३६ | ११ | ३०.५५ | १३ | ३६.११ | ६ | १६.६७ | ६ | १६.६७ |
| संस्थागत | ३६ | १० | २७.७८ | १८ | ५० | ३ | ८.३३ | ५ | १३.८९ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

प्रस्तुत तालिकाका अध्ययन, गर्दा भाषिक शुद्धताका दृष्टिले सामुदायिक माध्यमिक विद्यालयका कुल ३६ जना विद्यार्थीहरुमध्ये ११ जना अर्थात् ३०.५५ प्रतिशत विद्यार्थीहरु उत्तम श्रेणीमा रहेका छन् भने १३ जना अर्थात् ३६.११ प्रतिशत विद्यार्थीहरु मध्यम स्थानमा रहेका छन् । ६ जना अर्थात् १६.६७ प्रतिशत सामुदायिक विद्यालयका विद्यार्थीहरु सामान्य अवस्थामा छन् भने निम्न श्रेणीका विद्यार्थीहरु पनि सामान्य बराबर नै छन् । उता संस्थागततर्फ उत्तम श्रेणीमा १० जना अर्थात् २७.७८ प्रतिशत विद्यार्थीहरु रहेका छन् भने मध्यम अवस्थाका विद्यार्थीहरु १८ जना अर्थात् ५० प्रतिशत रहेका छन्  । त्यस्तै गरी ३ जना (८.३३ प्रतिशत) तथा ५ जना ( १३.८९ प्रतिशत) विद्यार्थीहरु क्रमशः सामान्य र निम्न अवस्थाका देखिन्छन् । यसरी सङ्ख्यात्मक र प्रतिशतका हिसावले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरु बिच खासै अन्तर देखिंदैन ।

## ४.९ लैङ्गिक आधारमा छात्र र छात्राहरुको बुँदाटिपोट क्षमताको तुलना

झापा जिल्लाका छनोटमा परेका ३ वटा सामुदायिक र ३ वटा संस्थागत माध्यमिक विद्यालयका कक्षा नौमा अध्ययनरत छात्र र छात्राहरुको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति यस्तो रहेको छ :

तालिका ३२ : बोध एकाइको ठम्याइ

| विद्यार्थीको किसिम | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ३६ | १६ | ४४.४४ | ७ | १९.४४ | ७ | १९.४४ | ६ | १६.६७ |
| छात्रा | ३६ | २० | ५५.५५ | ५ | १३.८९ | ६ | १६.६७ | ५ | १३.८९ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

प्रस्तुत तालिका अध्ययन गर्दा बोध एकाइको ठम्याइका दृष्टिले बुँदाटिपोट गर्ने कक्षा नौका छात्रहरुभन्दा छात्राहरु अग्रपङ्तिमा देखिन्छन् । कुल ३६ छात्रहरु मध्ये १६ जना अर्थात् ४४.४४ प्रतिशत उत्तम श्रेणीमा परेका छन् भने छात्राहरु यस श्रेणीमा २० जना अर्थात् ५५.५५ प्रतिशत परेका छन् । मध्यम श्रेणीमा छात्रतर्फ ७ जना अर्थात् १९.४४ प्रतिशत र छात्रातर्फ ५ जना अर्थात् १३.८९ प्रतिशत रहेका छन् । त्यस्तै गरी सामान्य स्थितिमा छात्रहरु ७ जना अर्थात् १९.४४ प्रतिशत र छात्रातर्फ ६ जना अर्थात् १६.६७ प्रतिशत रहेका छन् भने निम्न श्रेणीमा छात्रतर्फ ६ जना अर्थात् १६.६७ प्रतिशत र छात्रातर्फ ५ जना अर्थात् १३.८९ प्रतिशत रहेका छन् । समग्रमा छात्रहरुभन्दा छात्राहरु नै अग्रपङ्तिमा रहेका छन् ।

तालिका ३३ : कमबद्धता

| विद्यार्थीको किसिम | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ३६ | २७ | ७५ | - | - | ६ | १६.६७ | ३ | ८.३३ |
| छात्रा | ३६ | २८ | ७७.८७ | - | - | ४ | ११.११ | ४ | ११.११ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बुँदको कमबद्धतालाई आधार मानी मूल्याङ्कन गरिएको उक्त तालिकाको नतिजा अनुसार छात्राहरु छात्रहरुभन्दा उत्तम श्रेणीमा १ जना अगाडि देखिन्छन् । मध्यम स्थानमा छात्र छात्रा दुबै छैनन् । छात्रतर्फ समान्य ६ र छात्रातर्फ ४ जना विद्यार्थी रहेका छन् । निम्न स्थानमा भने छात्रभन्दा छात्रा १ ले बढी देखिन्छन् ।

समग्रमा भन्दा क्रमबद्धताको दृष्टिले बुँदाटिपोटको क्षमतालाई हेर्दा थोरै सङ्ख्या वा प्रतिशतले भए पनि छात्राहरु नै अगाडि देखिन्छन् यद्यपि अन्तर भने ज्यादै न्यून छ ।

तालिका ३४ : बुँदाटिपोटको शैली

| विद्यार्थीको किसिम | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ३६ | १५ | ४१.६७ | ८ | २२.२२ | ५ | १३.८९ | ८ | २२.२२ |
| छात्रा | ३६ | १६ | ४४.४४ | ८ | २२.२२ | ३ | ८.३३ | ९ | २५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अवलोकन गर्दा नमुना छनोटमा परेका कुल ३६ जना छात्रहरुमध्ये १५ जना अर्थात् ४१.६७ प्रतिशत छात्रहरुले बुँदाटिपोटको उपयुक्त शैली प्रयोग गरेका छन् भने छात्रातर्फ यो सङ्ख्या १ ले बढी अर्थात् १६ जना (४४.४४ प्रतिशत) रहेको छ । मध्यम स्थानमा दुबैतर्फ समान सङ्ख्या ८/८ रहेको छ । सामान्य स्थितिमा भने छात्रतर्फ ५ र छात्रातर्फ ३ जना विद्यार्थीहरु रहेका छन् । उचीत शैलीको प्रयोग गर्न नसक्ने निम्न स्थानमा छात्रतर्फ ८ र छात्रातर्फ ९ जना विद्यार्थीहरु रहेका देखिन्छन् । उक्त तालिकालाई हेर्दा अन्तर अत्यन्त न्यून देखिएको छ । उत्तम श्रेणीमा रहने छात्रहरुभन्दा छात्राहरुको सङ्ख्या बढी भएकाले छात्रहरुभन्दा छात्राहरु नै अग्रपङ्तिमा रहेका छन् ।

तालिका ३५ : भाषिक शुद्धता

| विद्यार्थीको किसिम | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ३६ | १० | २७.७८ | १४ | ३८.८९ | ५ | १३.८९ | ७ | १९.४४ |
| छात्रा | ३६ | ११ | ३०.५६ | १७ | ४७.२२ | ४ | ११.११ | ४ | ११.११ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

भाषिक शुद्धतालाई आधार मानी गरिएको परीक्षणमा नमुना छनोटमा परेका ३६ जना छात्रहरुमध्ये उत्तम श्रेणीमा १० जना छात्रहरु देखिन्छन् भने छात्रातर्फ ३६ मध्ये ११ जना उत्तम श्रेणीमा रहेका छन् । दोस्रो दर्जामा छात्रतर्फ १४ र

छात्रातर्फ १७ जना विद्यार्थीहरु रहेका छन् । यसै गरी सामान्य स्थितिमा छात्र ५ र छात्रा ४ रहेका छन् । भाषिक शुद्धताका दृष्टिले छात्र र छात्रामा बुँदाटिपोटको क्षमतामा खास उल्लेख्य अन्तर देखिँदैन । तैपनि नगन्य रूपमा भए पनि छात्राहरु नै अगाडि रहेको स्थिति छ ।

## ४.१० नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरुको तुलना

भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति निम्नानुसार छ :

तालिका ३६ : बोध एकाइको ठम्याइ

| विद्यार्थीको किसिम | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ३६ | १९ | ५२.७८ | ७ | १९.४४ | ६ | १६.६७ | ४ | ११.११ |
| नेपाली दोस्रोभाषी | ३६ | १७ | ४७.२३ | ५ | १३.८९ | ७ | १९.४४ | ७ | १९.४४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

प्रस्तुत तालिका अध्ययन गर्दा बोध एकाइको ठम्याइका दृष्टिले नेपाली मातृभाषी विद्यार्थीहरु उत्तम श्रेणीमा कुल विद्यार्थी सङ्ख्याको ५२.७८ प्रतिशत रहेका छन् भने नेपाली दोस्रोभाषीतर्फ यो सङ्ख्या ४७.२३ प्रतिशत मात्र रहेको छ । मध्यम स्थानमा नेपाली मातृभाषीहरु १९.४४ प्रतिशत अर्थात् ७ जना देखिन्छन् भने नेपाली दोस्रोभाषीहरु यो श्रेणीमा १३.८९ प्रतिशत अर्थात् ५ जना रहेका देखिन्छन् । सामान्य स्थानमा नेपाली मातृभाषीतर्फ ६ जना (१६.६७ प्रतिशत) देखिन्छन् भने नेपाली दोस्रोभाषीतर्फ योभन्दा १ बढी अर्थात् ७ जना (१९.४४ प्रतिशत) रहेका देखिन्छन् । निम्न स्थानमा नेपाली मातृभाषी ४ जना (११.११ प्रतिशत) रहेका छन् भने नेपाली दोस्रोभाषीतर्फ यो सङ्ख्या झन्डै दोब्बर अर्थात् ७ जना (१९.४४ प्रतिशत) रहेको देखिन्छ । समग्रमा भन्दा बोध इकाइको ठम्याइका क्रममा नेपाली दोस्रोभाषी विद्यार्थीहरुभन्दा नेपाली मातृभाषी विद्यार्थीहरु अगाडि देखिन्छन् ।

तालिका ३७ : क्रमबद्धता

| विद्यार्थीको किसिम | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ३६ | २९ | ८०.५६ | - | - | ५ | १३.८९ | २ | ५.५ |
| नेपाली दोस्रोभाषी | ३६ | २६ | ७२.२२ | - | - | ५ | १३.८९ | ५ | १३.८९ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बुँदाको क्रमबद्धतालाई आधार मानी गरिएको परीक्षणमा नेपाली मातृभाषी विद्यार्थीहरु नेपाली दोस्रोभाषी विद्यार्थीहरुभन्दा अग्रपङ्क्तिमा रहेका छन् । छनोटमा परेका कुल ३६ जना नेपाली मातृभाषी विद्यार्थीहरुमध्ये २९ जना (८०.५६ प्रतिशत) उत्तम श्रेणीमा पर्न सफल भएका छन् जवकि नेपाली दोस्रोभाषी विद्यार्थीहरु त्योभन्दा ३ कम अर्थात् २६ जना (७२.२२ प्रतिशत) मात्र उत्तम श्रेणीमा पर्न सफल भएका छन् । मध्यमतर्फ दुबै किसिमका विद्यार्थीहरु रहेका छैनन् । सामान्यामा समान ५/५ जना (१३.८९ प्रतिशत) विद्यार्थीहरु रहेका छन् । निम्न स्थानमा नेपाली मातृभाषी विद्यार्थीहरुको सङ्ख्या २ (५.५ प्रतिशत) रहेको छ भने नेपाली दोस्रोभाषी विद्यार्थीहरुमध्ये निम्न स्थानमा रहेकाको सङ्ख्या नेपाली मातृभाषी विद्यार्थी सङ्ख्याको दोब्बरभन्दा बढी (अढाइ गुणा) अर्थात् ५ जना (१३.८९ प्रतिशत) रहेको देखिन्छ । समग्रमा भन्नुपर्दा बुँदाको क्रमबद्धताका आधारमा हेर्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरुको भन्दा नेपाली मातृभाषी विद्यार्थीहरुको अवस्था सबल रहेको देखिन्छ ।

तालिका ३८ : बुँदाटिपोटको शैली

| विद्यार्थीको किसिम | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ३६ | १७ | ४७.२२ | ९ | २५ | ४ | ११.११ | ६ | १६.६७ |
| नेपाली दोस्रोभाषी | ३६ | १४ | ३८.८९ | ७ | १९.४४ | ४ | ११.११ | ११ | ३०.५६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

बुँदाटिपोटको प्रस्तुतीकरणको शैली सम्बन्धी अध्ययन गर्दा नमुना छनोटमा परेका कुल ३६ जना नेपाली मातृभाषी विद्यार्थीहरुमध्ये उत्तम स्थानमा १७ जना (४७.२२ प्रतिशत) रहेका छन् भने नेपाली दोस्रोभाषी विद्यार्थीतर्फ त्योभन्दा ३ कम अर्थात् १४ जना (३८.८९ प्रतिशत) रहेका छन् । मध्यम स्थानमा पनि नेपाली

मातृभाषीको सङ्ख्याभन्दा नेपाली दोस्रोभाषीकै सङ्ख्या कम देखिन्छ । सामान्य स्थानमा दुबैतर्फ समान ४/४ जना (११.११ प्रतिशत) विद्यार्थीहरु रहेका देखिन्छन् । निम्न स्थानमा नेपाली मातृभाषी विद्यार्थीको सङ्ख्या ६ जना (१६.६७ प्रतिशत) रहेको छ भने यो स्थानमा नेपाली दोस्रोभाषी विद्यार्थीहरुको सङ्ख्या नेपाली मातृभाषी विद्यार्थीहरुको सङ्ख्याभन्दा झन्डै दोब्बर अर्थात् ११ जना (३०.५६ प्रतिशत) रहेको छ । समग्रमा बुँदाटिपोटको शैलीका दृष्टिले नेपाली दोस्रोभाषी विद्यार्थीहरुभन्दा नेपाली मातृभाषी विद्यार्थीहरु सबल रहेको कुरा माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

तालिका ३९ : भाषिक शुद्धता

| विद्यार्थीको किसिम | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ३६ | १२ | ३३.३३ | १८ | ५० | ३ | ८.३३ | ३ | ८.३३ |
| नेपाली दोस्रोभाषी | ३६ | ९ | २५ | १३ | ३६.११ | ६ | १६.६७ | ८ | २२.२२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार भाषिक शुद्धताका दृष्टिले बुँदाटिपोट गर्ने नेपाली मातृभाषी विद्यार्थीहरुमा उत्तम श्रेणीमा १२ जना (३३.३३ प्रतिशत) रहेका छन् भने नेपाली दोस्रोभाषीतर्फ त्योभन्दा कम वा कुल विद्यार्थीको एक चौथाइ मात्र विद्यार्थीहरु रहेका छन् । मध्यम स्थानमा नेपाली मातृभाषी विद्यार्थीहरु कुल विद्यार्थी सङ्ख्याको आधा अर्थात् १८ जना (५० प्रतिशत) रहेका छन् भने नेपाली दोस्रोभाषीतर्फ यो सङ्ख्याभन्दा ५ कम अर्थात् १३ जना (३६.११ प्रतिशत) रहेका छन् । सामान्य अवस्थाका विद्यार्थीहरुमा नेपाली मातृभाषीतर्फ ३ जना (८.३३ प्रतिशत) रहेका छन् भने नेपाली दोस्रोभाषीतर्फ यसको ठिक दोब्बर अर्थात् ६ जना (१६.६७ प्रतिशत) रहेका छन् । यस्तै निम्न अवस्थाका विद्यार्थीहरुतर्फ नेपाली मातृभाषीको सङ्ख्या ३ जना (८.३३ प्रतिशत) देखिन्छ भने यो स्थानमा नेपाली दोस्रोभाषीतर्फ नेपाली मातृभाषीको भन्दा झन्डै तेब्बर अर्थात् ८ जना (२२.२२ प्रतिशत) विद्यार्थीहरु रहेका छन् । समग्र स्थितिलाई हेर्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरुभन्दा नेपाली मातृभाषी विद्यार्थीहरु नै भाषिक शुद्धताका दृष्टिले अगाडि रहेका छन् ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

आफूले सोचेका सम्झेका वा सुनेका कुराहरुमा रहेका मुख्य मुख्य कुरा टिपोट गर्ने कामलाई नै बुँदाटिपोट भनिन्छ । भाषा सिकाइका कममा बुँदाटिपोटको कार्यकलापलाई सङ्क्षेपीकरण, निबन्धलेखन, प्रतिवेदनलेखन जस्ता लेखाइ सिप विकासका लागि गराउने कार्यकलापको पूर्व आभ्यासिक कार्यकलाप पनि मान्न सकिन्छ । बुँदाटिपोट क्षमता अभिवृद्धिबाट विद्यार्थीहरुमा लेखन सिप, शैली सिप र अभिव्यक्त कलाको विकास हुन जान्छ । कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमतासम्बन्धी प्रस्तुत अध्ययनबाट निम्नलिखित निष्कर्ष निकाल्न सकिन्छ :

## ५.१ सारांश

झापा जिल्लाभित्रका नमुना छनोटमा परेका विद्यालयमा कक्षा नौमा अध्ययन गर्ने छनोटमा परेका ७२ जना विद्यार्थीहरुको बुँदाटिपोटको उत्तरका आधारमा समग्र विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको स्थिति विश्लेषण गर्दा प्राप्त नतिजाको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ :

बोध एकाइ ठम्याइका दृष्टिले विद्यार्थीहरुको बुँदा टिपोट क्षमता सन्तोषजनक नै पाइन्छ । बुँदाहरुको क्रमबद्ध प्रस्तुतिका आधारमा हेर्दा ५५ जना अर्थात् ७६.३९% विद्यार्थीहरु मूल पाठको भाव वा विचारको क्रमलाई ख्याल गरी बुँदाहरुको क्रम मिलाउन सक्षम पाइयो । पद, पदावली तथा असमापिका क्रियायुक्त वाक्यको प्रयोग गरी बुँदा टिपिएको छ वा छैन भनी छनोटमा परेका विद्यार्थीहरुको बुँदाटिपोटको स्थितिलाई हेर्दा ३१ जना अर्थात् ४३.६% विद्यार्थीहरुमा यस्तो दक्षता पाइयो । विद्यार्थीहरुको भाषिक प्रयोगमा हुनुपर्ने शुद्धतालाई आधार बनाई हेर्दा वर्णविन्यास तथा अन्य व्याकरणिक पक्षको उपयुक्त प्रयोग गर्ने विद्यार्थीहरु २९.१६ प्रतिशत देखियो । नमुनामा परेका ४४.४४ प्रतिशत विद्यार्थीहरुले बोध एकाइलाई सही ढङ्गले पहिचन गरी प्रस्तुत गरेको पाइयो । बुँदालाई कमबद्ध रूपमा सही ढङ्गले गर्ने विद्यार्थीहरु सामुदायिक तर्फ ६९.४४ प्रतिशत र संस्थागत तर्फ ५५.५५ प्रतिशत रहेको पाइयो । नमुनामा परेका विद्यार्थीहरु मध्ये ३८.८९ प्रतिशत विद्यार्थीहरुको

बुँदाटिपोटको शैली उत्तम रहेको पाइयो । भाषिक प्रयोगमा हुनुपर्ने शुद्धतालाई आधार बनाई हेर्दा वर्णविन्यास तथा अन्य व्याकरिणक पक्षको उपयुक्त प्रयोग गर्ने विद्यार्थीहरु ३०.५५ प्रतिशत रहेको पाइयो ।

बुँदालाई क्रमबद्ध रूपमा सही ढङ्गले प्रस्तुत गर्ने संस्थागत विद्यालयबाट ८३.३३ प्रतिशत विद्यार्थीहरु पाइयो । बुँदाटिपोटको शैलीका गुणहरुलाई अवलम्बन गरी बुँदाटिपोट गर्ने विद्यार्थीहरु ४७.२२ प्रतिशत पाइयो । भाषिक शुद्धताका दृष्टिले वर्णविन्यास तथा अन्य व्याकरणिक पक्षको उपयुक्त प्रयोग गरी बुँदाटिपोट गर्ने विद्यार्थीहरु २७.७८ प्रतिशत देखियो । ४४.४४ प्रतिशत छात्रहरुले सही रूपमा पाठको बोध एकाइलाई ठम्याइ ठीकसँग बुँदा टिपेको पाइयो । ७५ प्रतिशत छात्रहरुले बुँदाटिपोटको क्रमबद्धतालाई अँगाली सही ढङ्गले बुँदाटिपोट गरेको पाइयो ।

बुँदाटिपोटको शैलीका आधारमा २२.२२ प्रतिशत छात्रहरु मात्र बुँदाटिपोटको उपयुक्त शैलीको प्रयोग गर्न सफल देखियो । भाषिक शुद्धताका दृष्टिले वर्णविन्यास, चिह्नहरुको उचित प्रयोग तथा अन्य व्याकरणिक पक्षको राम्ररी प्रयोग गरेर बुँदाटिपोट गर्ने विद्यार्थीहरु २७.७८ प्रतिशत पाइयो ।

## ५.२ निष्कर्ष

- समग्र विद्यार्थीहरुको बुँदाटिपोट क्षमतामा दक्षता एवम् विषयवस्तुको सिलसिला अनुसार बुँदाको क्रमबद्ध प्रस्तुतीकरणमा विद्यार्थीहरुको अवस्था उत्कृष्ट रहे पनि बोध एकाइको ठम्याइ, बुँदा प्रस्तुत गर्ने शैली तथा उपयुक्त भाषिक प्रयोगमा उनीहरुको अवस्था मध्यम निकट सामान्य स्थितिमा रहेको देखिन्छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको बुँदाटिपोट क्षमतामा अनेक कमजोरी देखिएकाले यिनीहरुको बुँदाटिपोटको अवस्था सामान्य रहेको देखिन्छ ।
- संस्थागत विद्यालयका विद्यार्थीहरुको बुँदाटिपोट क्षमताका सन्दर्भमा प्रस्तुतिगत क्रमबद्धता उत्कृष्ट रहे पनि अन्य पक्षमा यही स्तरको क्षमता रहेको देखिदैन ।
- छात्र समूहका विद्यार्थीहरुको बुँदाटिपोट क्षमता सामान्य अवस्थामा रहेको पाइएको छ । सिलसिलाका क्षेत्रमा सन्तोषजनक स्थिति पाइए पनि अन्य क्षेत्रमा सामान्यभन्दा माथिल्लो स्तर पाइँदैन ।

- छात्राहरुको क्षमताको स्थिति नियाल्दा बोध एकाइको ठम्याइ, बुँदा प्रस्तुतीकरणको तरिका तथा भाषिक शुद्धतामा निकै अलमल रहेको पाइन्छ । क्रमबद्ध प्रस्तुतिमा भने यस समूहका विद्यार्थीहरुको अवस्था उत्तम रहेको छ ।
- नेपाली मातृभाषी विद्यार्थीहरुको बुँदाटिपोटको क्षमता सामान्य स्थितिमा देखिन्छ । बोध एकाइ चिन्ने, त्यसलाई उपयुक्त भाषा र शैलीका साथ प्रस्तुत गर्ने सन्दर्भमा यिनीहरुको बुँदाटिपोटको स्थिति सामान्य अवस्थामा छ ।
- नेपाली दोस्रो भाषी विद्याथीहरु बँदाटिपोटका क्रममा बुँदालाई छोटो छरितो रुपमा प्रस्तुत गर्न, बोध एकाइलाई चिन्न र उपयुक्त भाषा प्रयोगका साथ त्यसलाई प्रस्तुत गर्न निकै अन्योलमा रहेको स्थिति पाइन्छ । अर्थात् यस समूहका विद्यार्थीहरु उक्त क्षेत्रमा मध्यमभन्दा माथि उठ्न सकेका छैनन् । यिनीहरुले प्रस्तुतिगत सिलसिलामा भने उच्च स्थितिको सजगता अपनाएका छन् ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको बुँदाटिपोट क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको बुँदाटिपोट क्षमता राम्रो देखिएको छ तर यसको मात्रात्मक अन्तर भने ठूलो छैन ।
- छात्रहरुको तुलनामा छात्राहरु बुँदाटिपोट क्षमताका दृष्टिले केही अगाडि देखिन्छन् तर पनि यी दुईबिचको अन्तर न्यून छ ।
- नेपाली मातृभाषी विद्यार्थीहरु नेपाली दोस्रोभाषी विद्यार्थीहरु भन्दा बुँदाटिपोट क्षमतामा सक्षम रहेका छन् ।

अन्त्यमा माध्यमिक तहको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुमा बुँदाटिपोट सम्बन्धी धारणाको सामान्य विकास भएको पाइन्छ । तर बुँदाहरु पहिचान गरी त्यसलाई उपयुक्त भाषाशैलीमा प्रस्तुत गर्ने कुरामा अभ्यास अपूरो भएको यथार्थ प्रस्तुत अध्ययनबाट पुष्टि भएको छ ।

## ५.३ उपयोगिता

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट सम्बन्धी कमी कमजोरीहरुलाई न्यूनीकरण गर्नका लागि निम्न सुझावहरु प्रस्तुत गर्न सकिन्छ :

### ५.३.१ नीति निर्माण तह

- भाषा पाठ्यपुस्तकका अभ्यासको व्यवस्था गरिनुपर्छ ।
- एस. एल. सी. परीक्षामा अनिवार्य नेपाली विषयको प्रश्नपत्रमा बुँदाटिपोट सम्बन्धी प्रश्नको पूर्णाङ्क बढाइनु पर्छ ।

### ५.३.२ कार्यान्वयन तह

- विद्यार्थीहरुमा बुँदाटिपोट कलाको विकास गराउन उनीहरुलाई यसका विशेषताहरु विधि, प्रक्रिया एवम् महत्वबाट स्पष्ट ज्ञान दिनुपर्छ ।
- बुँदाटिपोट सुनाइ तथा लेखाइ सीप विकासको महत्वपूर्ण कार्यकलाप भएकाले कक्षा शिक्षणमा यस सम्बन्धी कार्यकलापमा जोड दिनुपर्छ ।
- बुँदाटिपोटको अभ्यासात्मक कार्यकलाप पाठ्यपुस्तकका बुँदाटिपोटका नमुना अभ्यासमा मात्र सीमित नगरी पत्रपत्रिका, साहित्यिक लेख रचना तथा अन्य पाठ्यसामग्रीहरु उपलब्ध गराई बुँदा टिपोटको थप अभ्यास गराउनु पर्दछ ।
- विभिन्न सभा समारोह, गोष्ठी आदिमा हुने भाषण, प्रवचन तथा व्याख्यानहरुमा विद्यार्थीहरुलाई सहभागी गराई त्यसका आधारमा बुँदाटिपोटका थप अभ्यास गराउनु उपयुक्त हुन्छ ।
- विद्यालयमा समय समयमा विद्यार्थीहरु बिच बुँदाटिपोट प्रतियोगिता आयोजना गरी बुँदाटिपोट कार्यमा प्रेरित गर्दै बुँदाटिपोट क्षमताको विकास गराउन सकिन्छ । साथै यसलाई विद्यालयद्वारा सञ्चालन गरिने पाठ्यान्तर (अतिरिक्त) क्रियायाकलाप समेतको एक अङ्ग बनाउन सके विद्यार्थीहरुलाई बुँदाटिपोट क्षमतामा सक्षम बनाउन सकिन्छ ।
- बुँदाटिपोटको अभ्यासका क्रममा कमजोर देखिएका विद्यार्थीहरुलाई बुँदाटिपोटको त्रुटिपूर्ण क्षेत्रमा सचेत गराई बुँदाटिपोटको उपयुक्त अभ्यासमा केन्द्रित गराउनु पर्छ ।
- बोध, वर्णविन्यास तथा अन्य व्याकरणिक पक्षले बुँदाटिपोटको सिप विकासमा सहयोग पुर्याउने भएकाले यस्ता कुराको अभ्यासात्मक कार्यकलापमा शिक्षकले जोड दिनु पर्छ ।

- समय समयमा बुँदाटिपोटसम्बन्धी प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट ठहरिएका विद्यार्थीहरुलाई पुरस्कृत गरी तथा पछिल्लो स्थानमा रहेकालाई थप मिहिनेत गरी आफ्नो स्थानमा सुधार ल्याउन अभिप्रेरित गर्न सकिन्छ ।

### ५.३.३ अनुसन्धान तह

निम्न विषयमा थप अनुसन्धान गर्न सिफारिस गरिएको छ :

- कक्षा बारमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन ।
- स्नातक तह प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन ।
- कक्षा दस र एघारमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन ।
- कक्षा एघार र बारमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्ग राज (२०६५), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, तेजनाथ (२०७०), **कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सुनसरी : जनता बहुमुखी क्याम्पस, इटहरी ।

ढकाल, शान्ति प्रसाद (२०६६), **नेपाली भाषा शिक्षण : परिचय र प्रयोग**, काठमाडौं : शुभकामना प्रकाशन ।

तिम्सिना, कमल प्रसाद (२०६९), **सुनसरी जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, धनकुटा : धनकुटा बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग ।

त्रि.वि. पाठ्यक्रम विकास केन्द्र (२०६६), **अनिवार्य नेपाली शिक्षण निर्देशिका**, ललितपुर : साझा प्रकाशन ।

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र (२०६४), **माध्यमिक शिक्षा पाठ्यक्रम**, काठमाडौं : हाइडल प्रेस प्रा.लि. ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०), **नेपाली बृहत शब्दकोष**, काठमाडौं : ने.रा.प्र.प्र. ।

पोखरेल, माधवप्रसाद र अन्य (२०६४), **अनिवार्य नेपाली**, काठमाडौं : बुद्ध एकेडेमी पब्लिशर्स ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६४), **अनिवार्य नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, तीर्थराज (२०६७), **शोधप्रस्ताव र यसका अङ्गहरु**, प्राज्ञसन्देश, सुनसरी : जनता बहुमुखी क्याम्पस, इटहरी ।

भण्डारी, पारसमणि, रामनाथ ओझा र अन्य (२०६८), **नेपाली भाषा शिक्षण**, काठमाडौं : पिनाकल पब्लिकेशन ।

लामिछाने, यादवप्रकाश (२०५३), **अनिवार्य नेपाली व्याकरण र रचना**, काठमाडौं : आशीष पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौं : न्यू हीरा बुक्स पब्लिकेशन ।

शर्मा, मोहनराज (२०५३), **शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व र अभिव्यक्ति**, काठमाडौं : नवीन प्रकाशन ।

सुवेदी, राधिका (२०६८), **कक्षा एघारका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, धनकुटा : धनकुटा बहुमुखी क्याम्पस ।

# कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन

## अनुसूची १

## बुँदाटिपोटका निम्ति प्रयोग गरिएको नमुना गद्यांश

तलको गद्यांशबाट चारवटा बुँदा टिप्नुहोस् :

जीवाश्मको तुलना गर्दा डार्विनले पहिले बाँदर पाइएपछि मानिसहरु संसारमा देखिएको थाहा पाए । उनले आजको युगमा पाइने जन्तु र वनस्पतिसँग मिल्ने जन्तु र वनस्पति पहिले नभएको तथ्य अघि सारे । यसबाट उनी एउटा युगमा एकप्रकारका जीवहरु बढी मात्रामा पाइने र अर्को युगमा अर्कै प्रकारका जीवहरु बढी मात्रामा पायने कुरामा विश्वस्त भए । अध्ययनकै सिलसिलामा उनले दुई नजिकका युगका जीवहरुमा बढी समानता रहेको तथ्य बुझे । उनले एउटा युगमा देखिएका कतिपय जीवहरु अर्को युगमा हराएर जाने र थोरै सङ्ख्यामा भएका जीवहरु अर्को युगमा धेरै मात्रामा पाइने तथ्य समेत अघि सारे । पहिलेदेखि उत्पन्न भएका केही जीवलाई मिलाएर हेरे अनि तिनका बीचमा आकृतिगत समानता र क्रमिक विकास पाइने कुरा उनले जीवाश्महरुको अध्ययनबाट पत्ता लगए ।

## कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन

## अनुसूची २

## नमुना छनोटमा परेका विद्यालयहरु

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | प्रकार |
|---|---|---|---|
| १ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल | गोलधाप | संस्थागत |
| २ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल | गरामनी | संस्थागत |
| ३ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल | विर्तामोड | संस्थागत |
| ४ | जनजागृति उच्च माध्यमिक विद्यालय | गोलधाप | सामुदायिक |
| ५ | पन्चरत्न माध्यमिक विद्यालय | विर्तामोड | सामुदायिक |
| ६ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय | विर्तामोड | सामुदायिक |

## कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन

## अनुसूची ३

## नमुना छनोटमा परेका विद्यार्थीहरु

| क्र.सं. | नाम थर | कक्षा | विद्यालय |
|---|---|---|---|
| १ | टीकाराम प्रसाईं | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| २ | सिसम आचार्य | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| ३ | सुजन न्यौपाने | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| ४ | विक्रम राजवंशी | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| ५ | मनोहर राजवंशी | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| ६ | विकास चौधरी | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| ७ | चन्दा सेलवाल | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| ८ | पार्वती कडरिया | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| ९ | प्रीतिका चापागाईं | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| १० | करिश्मा राजवंशी | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| ११ | सुष्मिता चौधरी | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| १२ | लब्ली गुरुङ | ९ | चिल्ड्रेन गार्डेन इङ्गलिश बोर्डिङ स्कूल, गोलधाप |
| १३ | राजेन्द्र महतो | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| १४ | बलराम शाह | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| १५ | देवीलाल सोरेन | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| १६ | राजेश कार्कीडोली | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| १७ | सुमन काफ्ले | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| १८ | सागर भण्डारी | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| १९ | वन्दना मिश्र | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| २० | सुभद्रा उप्रेती | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| २१ | दुर्गा नेपाल | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| २२ | दिव्या राई | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |

| | | | |
|---|---|---|---|
| २३ | सुलेखा महतो | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| २४ | सेविका चौधरी | ९ | लालीगुराँस इङ्गलिश बोर्डिङ स्कूल, गरामनी |
| २५ | शुभम् अग्रवाल | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| २६ | रोशन खातुन | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| २७ | यश अग्रवाल | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| २८ | दिनेश दाहाल | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| २९ | सञ्जय बस्नेत | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| ३० | रोहित पाठक | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| ३१ | गायत्री अग्रवाल | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| ३२ | कृतिका अग्रवाल | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| ३३ | ज्योति भर्वे | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| ३४ | अशिका अधिकारी | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| ३५ | तुलसा सापकोटा | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| ३६ | सन्ध्या खड्का | ९ | सगरमाथा इङ्गलिश बोर्डिङ स्कूल, विर्तामोड |
| ३७ | सुजित ठाकुर | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ३८ | निरज शाह | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ३९ | मनोज चौधरी | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ४० | कुशल भट्टराई | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ४१ | ओदस्वी रिजाल | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ४२ | दृश्य खनाल | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ४३ | गरिमा लम्साल | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ४४ | मुना अधिकारी | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ४५ | श्रद्धा पोखेल | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ४६ | तरलादेवी राजवंशी | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ४७ | रुक्साना खवास | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |
| ४८ | मुन्नीमाया सोरेन | ९ | जनजागृति उच्च माध्यमिक विद्यालय, गोलधाप |

| | | | |
|---|---|---|---|
| ४९ | आयुष प्रसाईं | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ५० | सिपी गुरागाई | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ५१ | कुशल उप्रेती | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ५२ | राष्ट्रिय तामाङ | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ५३ | विकास महतो | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ५४ | मकै सोरेन | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ५५ | सरिता राजवंशी | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ५६ | सविता सुब्बा | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ५७ | कुमारी महतो | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ५८ | निशा दाहाल | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ५९ | निरु सङ्ग्रौला | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ६० | दीक्षा लुइँटेल | ९ | पन्चरत्न माध्यमिक विद्यालय, विर्तामोड |
| ६१ | उज्वल खड्का | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ६२ | निरज दाहाल | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ६३ | प्रज्वल भट्टराई | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ६४ | अविनाश गणेश | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ६५ | सुमन चौधरी | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ६६ | आशीष राई | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ६७ | दीपा ढकाल | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ६८ | करिश्मा चौहान | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ६९ | मनिता ओली | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ७० | दुर्गा मण्डल | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ७१ | निशा तामाङ | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |
| ७२ | अनिसा राई | ९ | महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, विर्तामोड |

# कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको बुँदाटिपोट क्षमताको अध्ययन

## अनुसूची ४

## विद्यार्थीको बुँदाटिपोट क्षमता परीक्षण नमुना

क.का

विषय - नेपाली

नाम :- दीपा ढकाल

दिएको अनुच्छेदबाट मुख्यमुख्य वाक्य बुँदाहरू टिप्नुहोस

जीवाश्मको तुलना गर्दा उनले पहिले एकप्रकारको बाँदर पाइएको र त्यसपछि मात्र मानिसहरू संसारमा देखिएको कुरा थाहा पाए। उनले आजको युगमा पाइने जन्तु र वनस्पतिसँग युगमा मिल्ने जन्तु र वनस्पति पहिले कहिल्यै नभएको तथ्य पनि अघि सारे। यसबाट उनी एउटा युगमा एकप्रकारको जीवहरूको मात्रामा पाइने कुरामा विश्वास भए। अध्ययनकै सिलसिलामा उनले दुई नजिकका युगका जीवहरूमा बढी समानता रहेको तथ्य बुझे। उनले एउटा युगमा देखिएका कतिपय जीवहरू अर्को युगमा धेरै मात्रामा पाइने तथ्यसमेत अघि सारे। पहिले पृथ्वी उत्पत्ति भएका केही जीवहरू मासिएर हुने हो भने तिनीहरूका बीचमा आकृतिगत समानता र क्रमिक विकास पाइने कुरा उनले जीवाश्महरूको अध्ययनबाट पत्तालगाए।

मुख्य बुँदाहरू

- संसारका सर्वप्रथम पहिले कुनै बाँदर अनी मात्र मानिसहरू देखा परेको।
- एउटा युगमा पाइने जन्तु र वनस्पति अर्को युगमा नभएको।
- दुई नजिकका युगका जीवहरूमा बढी समानता पाइएको।
- जीवहरूमा आकृतिगत समानता र क्रमिक विकास पाइने।

# व्यक्तिवृत्त



नाम : सुजाता आचार्य

जन्म : २०४१।०४।०२

पिताको नाम : तोयानाथ आचार्य

माताको नाम : अम्बिका आचार्य

स्थायी ठेगाना : विर्तामोड नगरपालिका वडा नं १, झापा

सम्पर्क नं : ९८४४६८५६०५

नागरिकता : नेपाली

धर्म : हिन्दू

मातृभाषा : नेपाली

वैवाहिक स्थिति : विवाहित

श्रीमान् : एकराज गिरी

छोरी : समृद्धी गिरी

पेशा : शिक्षण, महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय, माध्यमिक तह तृतीय (नेपाली)

शैक्षिक योग्यता :

| क.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १. | प्रवेशिका | महेन्द्र रत्न उ.म.वि., विर्तामोड | २०५६ | प्रथम |
| २. | प्रवीणता प्रमाणपत्र | कनकाई बहुमुखी क्याम्पस, सुरुङगा | २०५९ | द्वितीय |
| ३. | स्नातक | कनकाई बहुमुखी क्याम्पस, सुरुङगा | २०६२ | द्वितीय |
| ४. | स्नातकेत्तर | कनकाई बहुमुखी क्याम्पस, सुरुङगा | | |